# २०४६ सालको जन आन्दोलनका घटनाहरूको विवरणः एक अध्ययन

राम कुमार घिमिरे

**साधारण परिचयः**

विश्वमा सानो तर स्वतन्त्र देश नेपालको आन्तरिक राजनीतिमा विभिन्न समयमा आएको उतारो चढावले यहाँ विभिन्न प्रकारका शासन व्यवस्थाहरू सञ्चालित भए। २००७ सालमा राणा शासन समाप्ति भएपछि पनि यस देशले एकै प्रकारको अविच्छिन्न शासन पद्धति कायम राख्न सकेन। राणा शासन समाप्ति पछि तत्काल शासन सञ्चालन गर्न भनि केही दिनको लागि बनाइएको अन्तरिम सम्विधानले नै आठ वर्षसम्म काम गऱ्यो। आखिरमा सम्बिधान सभाको चुनाव पनि भएन। २०१५ सालमा संसदीय व्यवस्था अन्तर्गत चुनाव जितेर नेपाली कांग्रेस आयो। तर डेढ वर्ष पुग्दा नपुग्दै बल प्रयोग गरी त्यसको सरकारलाई पनि खतम गरियो। त्यसबेला देशमा जनचेतनाको कमी, राजनीतिक दलहरू बीचको फाटो, शक्तिशाली दलहरूको जनता माथिको पकडको अभावका साथै तत्कालीन अन्तर्राष्ट्रिय परिस्थिति जस्ता कुराहरू बाट फाइदा उठाई ल्याइएको पञ्चायती व्यवस्थाले तीन दशकसम्म शासन चलायो। पञ्चायती व्यवस्थालाई देशको हावापानी र माटो सुहाउंदो भनी खूब प्रचार गरियो यद्यपि त्यसको सुरूवात सँग सँगै विरोध पनि शुरू भएको थियो। राजनीतिक दलहरू प्रतिबन्धित गरी पंचायतको प्रारम्भ गरिएकोले राजनैतिक स्थायित्वको लागि चाहिने राजनैतिक परिचालन नभएकाले राजनैतिक सहभागिता बढन सकेन। फलस्वरूप पञ्चायतको बैधताको (Legitimacy) संकट उत्पन्न भयो। त्यस्तै राजनैतिक नेतृत्वको विकास, चाख संग्रह गर्ने (जनताको) र नीति बनाउने प्रक्रिया पनि त्रुटिपूर्ण रहयो। मानवीय मूल्यको अभावमा पञ्चायतले केही शक्ति सञ्चय गरे तापनि बैधानिकता पाउन सकेन। जनमत संग्रह पछि शुरू भएको राजनैतिक प्रक्रिया निश्चयनै पहिले भन्दा उदारवादी थियो। त्यसैले त्यसपछिको निर्वाचनमा जन-सहभागिता बढयो तर त्यसलाई व्यवस्थित रूपबाट अगाडि बढाउने संस्थाहरू भएनन्। अतः जनमत संग्रह पछि पनि पञ्चायतले बैधानिक (राष्ट्रिय पञ्चायतबाट गरिएको विरोध) र व्यवहारिक विरोधको सामना गर्नु पऱ्यो। जसले आन्तरिक बैधानिक संरचनालाई कमजोर तुल्यायो। समाजमा रहेका माँग र पूर्तिका बीचको असन्तुलनले पञ्चायतको कार्यदक्षतामा शिथिलता आयो। 'विकासको निम्ति राजनीति', 'एशियाली मापदण्ड' जस्ता नाराहरूले तुलनात्मक रूपमा जनताको चेतना र आकांक्षाहरूमा बृद्धि गऱ्यो तर देशमा आर्थिक उन्नत्ति हुन सकेन, बरू

*Contributions to Nepalese Studies*, Vol. 19, No. 2 (July 1992).
Copyright © 1992 CNAS/TU

अर्थतन्त्र अधोगतितिर लाग्यो। प्रजातन्त्र भन्नाले व्यवस्थाप्रति सकृय समर्थन मात्र नभएर विरोधको राजनीति पनि हो भन्ने तथ्यलाई पञ्चायतमा बलजफ्ति दबाएर राखियो। त्यस व्यवस्थामा जति जति शक्तिको केन्द्रीकरण हुँदै गयो त्यति त्यति राज्यको स्वरूप प्रशासनिक हुँदै गयो। अन्ततः पञ्चायत व्यवस्थालाई चलाउने एक मात्र आधार जवरजस्त शक्ति (Coercion) रहनगयो। राजनीतिको केन्द्रीकरण गरिएको भए तापनि भारतमाथिको बढदो निर्भरताले आधारभूत रूपमा नै राजनैतिक प्रणालीको रूपमा पञ्चायतको प्रयोजन र स्थायित्व माथि प्रश्न चिन्ह लाग्दै गयो। व्यापार, सञ्चार, प्रविधि, विचारधारा, मानव अधिकार र वैदेशिक सहायताले आन्तरिक राजनीतिलाई अन्तर्राष्ट्रिय मूल्यसंग जोड्दा आधारभूत रूपमा आन्तरिक राजनीति र आर्थिक मूल्यको खियावटलाई पञ्चायतका शासकहरूले बुझ्न सकेनन्। वैदेशिक सहायता लिई राज्य स्तरमा यथास्थितिलाई सघाउनु र जनस्तरमा राहत (अल्पकालको लागि) दिनुमात्र पञ्चायतको लक्ष रह्यो। देशमा घूसखोरी, कमिशन र अन्य अनियमितताहरू बढेपछि पञ्चायत भित्र यस्तो वर्गको जन्म भयो जस्लाई जनताका आकांक्षाहरू प्रति खास कुनै चासो रहेन। देशमा ऋणको भार बढ्दै गयो। त्यसैले आन्तरिक श्रोत परिचालनबाट उठेको रकमका साथ वैदेशिक सहायताबाट प्राप्त ठूलो रकम समेत सो ऋणको व्याज तिर्नमा नै सीमित रहयो।

उक्त विभिन्न कारणहरूले गर्दा पञ्चायत व्यवस्थाले राम्रो शासन सञ्चालन गर्न सकेन। फलस्वरूप २०४६ साल फाल्गुण ७ गते पञ्चायती व्यवस्था विरूद्धमा घोषित आन्दोलन शुरू भयो। एक महिना बीस दिन सम्म विभिन्न कार्यक्रम सहित चलेको उक्त आन्दोलनले पञ्चायतको नै अन्त्य गरायो। त्यसैले त्यो आन्दोलनमा के कस्ता महत्त्वपूर्ण घटनाहरू घटे ती सबैको क्रमिक विवरण यस लेखमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

२०४६ सालको जन आन्दोलनको पूर्वाभास फागुन ७ गते अगावै भएको थियो। आन्दोलनको उद्घोषणा गर्ने राजनीतिक शक्तिहरूले कार्यक्रमलाई तीन चरणमा बाँडेका थिए, जस अनुसार विधिवत कार्यक्रम माघ २७, २०४६ मा नेपाली कांग्रेसका कार्यबाहक अध्यक्ष कृष्ण प्रसाद भट्टराई र बाम मोर्चा अध्यक्ष सहाना प्रधानले संयुक्त रूपमा हस्ताक्षर गरी एउटा चरणवद्ध कार्यक्रम जन समक्ष ल्याए। जो यस प्रकार थियोः

(१) फागुन ७ गते दुबै समूह (नेपाली कांग्रेस र बाममोर्चा) ले आ-आफ्ना झण्डाका साथ जुलुश प्रदर्शन र आमसभा गरी पार्टीहरू उपर विगत २९ वर्ष देखि लागेको प्रतिबन्धलाई तोड्ने,

(२) फागुन ८ गते नेपाल बन्दको कार्यक्रम अनुरूप देशभरि यातायात, शिक्षण संस्था, उद्योगधन्दा, कलकारखाना र व्यापार बन्द गर्ने,

(३) फागुन १४ गते संपूर्ण देशभरी पञ्चायती व्यवस्थाको विरोधमा कालो दिवस मनाउने। कालो झण्डाका साथ कालो पट्टि बाँधी आमसभा र प्रदर्शन गर्ने,

(४) फागुन १९ गते राष्ट्रव्यापी रूपमा नेपाल बन्द गर्नुका साथै स्थानिय परिस्थिति अनुरूप विभिन्न अन्य कार्यक्रमहरू बीचमा पनि स्थानिय रूपमा सञ्चालन गरी रहने।

**आन्दोलनको विधिवत थालनीः**

पहिलो चरणको कार्यक्रम अनुसार फागुन ७ गते आन्दोलनको पहिलो दिन थियो। उक्त दिन 'श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवस' मनाउने प्रचलन भएको हुनाले सो उपलक्ष्य मा श्री ५ बाट देशवासीका नाममा बक्सेको सन्देशमा "पञ्चायती व्यवस्था राष्ट्रिय जनइच्छा अनुकूल भएको" कुरा हुकुम भयो।[१] तर त्यसैदिन प्रतिवन्धित राजनीतिकम दलहरूले आ-आफ्ना झण्डा सहित पञ्चायती व्यवस्थाको विरोध प्रदर्शन गर्ने तय गरे। जस अनुरूप फागुन ७ गते जुलुश निस्कियो। "पञ्चायती व्यवस्था मुर्दाबाद", "हामी प्रजातन्त्र चाहन्छौं" (We want Democracy) जस्ता नाराहरू साथ निस्केको यस जुलुशको तत्कालीन पंचायती प्रधानमन्त्री सहित पुतली सडक आदि ठाउँमा आन्दोलनकारी र प्रहरीहरू बीच मुठभेड भयो।[२] सुन्धाराबाट निस्केको आन्दोलनकारी जुलुश करीव ३० हजार जतिको थियो। त्यस जुलुशबाट बामपन्थी नेता मनमोहन अधिकारी र तुलसीलाल अमात्य गिरफ्तार भए। यसैगरी काठमाण्डौ बाहिर हेटौंडामा भएको प्रदर्शनमा प्रहरी र प्रदर्शनकारी बीच मुठभेड हुँदा एक प्रहरी र चार प्रदर्शनकारी मरेको र चितवनमा तत्कालीन रा.पं.स. भीमप्रसाद श्रेष्ठ र जागृतप्रसाद भेटवाललाई गिरफ्तार गरियो। त्यसै दिन विराटनगरमा बामनेता कमल कोइराला र नेपाली कांग्रेसका अशोक कोइराला पनि पार्टीका झण्डा सहित गिरफ्तार भए।[३] यसैगरी धरान, जनकपुरधाम, बुटवल आदि स्थानमा पनि दंगा-प्रहरी र आन्दोलनकारी बीच बिभिन्न मुठभेड भए। यी मुठभेडहरूमा देशभरका करीव १९ जनाको मृत्यु र २०० जना जति घाइते भएका थिए।[४] आन्दोलनको थालनी हुने दिन आन्दोलनकारी बीच जनताको राम्रो सहभागिता नहोस् भनि त्यस्को अघिल्लै दिन ठूलो संख्यामा विद्यार्थीहरूको धरपकड गर्नु र आन्दोलन थालिएको प्रथम दिनमा आन्दोलनलाई दवाउन प्रहरी द्वारा अत्यन्त क्रूर ढंगले यातना दिई दमन गरिनुले त्यसदिनको आन्दोलन शान्तिपूर्ण नभएर निकै उत्तेजित हुनपुग्यो, तर सरकारी समाचार माध्यमले प्रजातन्त्र दिवस मनाईरहेको जुलुशमा आन्दोलनकारीले ढुङ्गा मुढा बर्साई अशान्ति फैलाएको हुनाले केहीलाई गिरफ्तार गरिएको छ भन्ने खवर दियो।[५]

आन्दोलनको दोश्रो दिन फागुन ८ गते "नेपाल बन्द"को कार्यक्रम थियो। यसदिन देशका प्रमुख शहरहरूमा यातायात, कलकारखाना, शिक्षणसंस्था र पसलहरू बन्द गरिएका थिए। किर्तिपुरमा पुरूष छात्रावास अगाडि तीनकुनेनिर नेपाल र एशियाली अनुसन्धान केन्द्रको मिनीबसमा आगो लगाइयो र त्यसको केही समय पश्चात कीर्तिपुर खासी बजारको प्रहरी थानामा पनि आगो लाग्यो, जसबाट थानाका केही कागजपत्रहरू डढे। त्यसैगरि भक्तपुरमा पसल बन्द गराउन निस्किएका प्रदर्शनकारी र प्रहरी बीचको मुठभेडमा गोली चलाइएकोले केही प्रदर्शनकारीहरू मरे। मृतकको संख्यालाई कसैले ४[६] कसैले ५[७] र कसैले ८[८] बताए। सरकारी सञ्चार माध्यमले त्यो संख्यालाई भरतपुरमा ३ जना, हेटौंडामा १ जना (प्रहरी) र भक्तपुरमा ३ जना गरी जम्मा ७ जना मरेको समाचार दिएको थियो।[९] आन्दोलनकारीले सो संख्या नस्वीकारी त्यो भन्दा बढ्ता भनेको पाइन्छ। यसरी आन्दोलन भएको दोश्रो दिनमा नै त्यत्रो संख्यामा (सरकारी संचार माध्यमहरूका अनुसार ७ जना) मृत्यु हुनुले आन्दोलन

शान्तिपूर्ण रहन सकेन यस प्रकार आन्दोलनको प्रारम्भदेखि नै हत्या हुन थालेकाले आगामी दिनमा आन्दोलन झन बढी जोखिमपूर्ण हुनसक्ने संकेत देखा परे।

आन्दोलनको कार्यक्रम अनुसार फागुन ९ गते कुनै घोषित योजना नभए तापनि सो दिन काठमाण्डौका वकिलहरूले अदालत बहिष्कार गरे। सोही दिन जनकपुर जदुकुवामा पुलिसको गोलीबाट ५ जनाले ज्यान गुमाए। सरकारी समाचार माध्यमले तीन जनाको हत्या भएको भनी स्विकार गरे तापनि संख्यामा विवाद देखायो।[१०] त्यसै दिन काठमाण्डौ बीर अस्पताल अगाडि एउटा शोक जुलुश प्रदर्शन भयो। तर त्यो जुलुश पनि प्रहरीको दमनबाट उम्कन सकेन।

यसरी देशभित्र जुलुश प्रदर्शन, लाठीचार्ज, पक्राउ र यातना भइराखेको बेला भारतसँग सम्बन्ध सुधार्ने प्रयास अनुरूप फागुन ९ गते भारतको नयाँ दिल्लीमा नेपाल र भारत दुबै देशका अधिकारीहरू बीच वार्ता भयो।

फागुन ७ र ८ गतेका कार्यक्रममा भएका दमन, यातना र गोली-काण्डको विरूद्धमा बाम-कांग्रेस दुवैले फागुन ११ गते बीर अस्पताल अगाडि शोक जुलुश निकाल्नुका साथै आमसभा गर्ने, फागुन १२ गते उपत्यका भरी प्रचार सभा गर्ने भनी उपत्यकाका लागि कार्यक्रम बनाइएको थियो। त्यसै अनुरूप कतै कतै श्रद्धान्जलि सभाहरू गरिए तर १२ गतेको कार्यक्रम चाहिं प्रहरीको कडा निगरानीले गर्दा त्यति सफल हुन सकेन। सो दिन महाराजगञ्ज र बीर अस्पतालका स्वास्थ्य कर्मीहरूले २ घण्टाको टोकन हडताल गरे। यसपछि आन्दोलनलाई राजनैतिक दलका कार्यकर्ताहरूबाट सरकारी कर्मचारीहरूसम्म लैजाने कार्यको थालनी भयो।

फागुन १३ गते शिवरात्री मेलाको अवसरमा पशुपतिमा बाम विद्यार्थी संगठनले जुलुश प्रदर्शन गरेका थिए। यसै दिन कमलाक्षी र असनबाट पनि जुलुशहरू निकालिए। तर सरकारले पत्रिपत्रिकामा (आन्दोलनको खबर छाप्न) सेन्सरसीप कायम गरेको र कतिपय पत्रिकाहरूलाई जफत गरेकाले बजारमा आन्दोलनको प्रगति सम्वन्धी खबर दिने अखबारको अभाव भयो। सो काम पूरागर्न प्र.रा. मञ्चले "संघर्ष बुलेटीन" निकाली आन्दोलनको खवर जनतालाई दिन थाल्यो।

फागुन १४ गते विरोध जुलुश र कालो दिवस मनाउने कार्यक्रम सफल हुन नदिन शहर भरि र त्यस्मा पनि ७ गतेको आन्दोलनको केन्द्रविन्दु रहेको धरहरा क्षेत्रमा साह्रै धेरै प्रहरीहरू तैनाथ थिए। त्यस दिन त्यो बाटो हिंड्ने यात्रीलाई समेत प्रहरीले गिरफ्तार गरे। तैपनि डिल्लीवजार, प्यूखा, बाङ्गेमुडा, बालाजु आदि स्थानबाट छड्के जुलुश निस्किए। त्यसैगरी पाटनको च्यासल, भक्तपुरको हरीशिद्धि, इलाम, विराटनगर, धरान, वीरगञ्ज, नारायणघाट, हेटौंडा, पोखरा, पाल्पा, बुटवल, नवलपरासी, हुम्ला, आदि स्थानमा पनि जुलुश निकालिए।[११] काठमाण्डौंको जुलुशबाट हरीबोल भट्टराई, पद्मरत्न तुलाधर, सिन्धुनाथ प्याकुरेल आदिका साथै अन्य केही व्यक्तिहरूलाई प्रहरीले पक्र्यो। सरकारी दमनको विरोधमा त्यस दिन पनि बीर अस्पतालका कर्मचारीहरूले बिहान ६ बजे देखि १० बजे सम्म हातमा कालो पट्टि बाँधी विरोध जनाए तर पनि ७ र ८ गतेको तुलनामा फागुन १४

गतेको कार्यक्रम त्यति सफल हुन सकेन।[१२] त्यस दिनको घोषित कार्यक्रम (कालो दिवस) सफल हुन नसकेको समाचार सरकारी सञ्चार माध्यमले पनि दिएको थियो।

फागुन १५ गते "स्ववियू काउन्सील" (खासगरी माले समूहसँग सम्बद्ध रहेका उपत्यकाका स्ववियूहरूको मञ्च) ले एक पर्चा प्रकाशित गरी क्याम्पसको शुल्क तत्काल नतिर्न विद्यार्थीहरूलाई आव्हान गऱ्यो। केही स्कूल र क्याम्पसका शिक्षक-प्राध्यापकहरूले पनि त्यसै दिन सरकारी दमनको विरोध गर्दै हडताल गरेका थिए।

फागुन १६ गते प्राथमिक र माध्यमिक शिक्षक संघले सरकारी दमन विरूद्ध क्षोभ व्यक्त गरे। यसै दिन उपत्यकाका क्याम्पस र यूनिभर्सिटीका प्राध्यापकहरूले पनि सरकारी दमनको विरूद्धमा कलम बन्द गरी त्रि-चन्द्र क्याम्पसमा एक सभाको आयोजना गरेका थिए। त्यसै गरी उपत्यका बाहिर सिद्धार्थनगर, बुटवल, म्याग्दी आदि ठाउँहरूमा जुलुश निस्कँदा केही व्यक्तिहरू पक्राउ परे। त्यसबेला सम्म पनि सरकारले पत्र-पत्रिकाहरू माथिको सेन्सरसिप कायमै राखेकोले पत्रकार जगतले सरकारको कडा आलोचना गऱ्यो। त्यसै दिन २ वटा मिनी बसहरूबाट करीब एकसय पचास 'मण्डले' भनिने जवानहरू आन्दोलन दबाउन बुटवलबाट काठमाण्डौ तर्फ लागेका थिए। त्यसरी सरकारले आन्दोलन दबाउन बलको बढी प्रयोग गर्नु र देशमा रहेका बौद्धिक बर्गले सरकारी कार्यको विरोधमा खुलेर लाग्नुले आन्दोलनलाई बढी जोड मिल्यो।

फागुन १७ गते ७ वटा विद्यार्थी संगठनको आयोजनामा काठमाण्डौको टुँडिखेलमा र अन्य विभिन्न स्थानहरूमा आमसभा गर्ने कार्यक्रम थियो। तर प्रहरीको कडा निगरानीको कारण सो दिन यस्ता कुनै कार्यक्रमहरू हुन सकेनन्। त्यसैले त्यस दिन विद्यार्थीहरूले पाटनका बिभिन्न गल्लीहरूमा छड्के जुलुश निकाले र चण्डीमा पञ्चायतको पुत्ला जलाए।[१३]

यसबेला आएर सरकारले बाम-कांग्रेसबीच फूट भएको हल्ला चलाउन थाल्यो। तर प्र.ने.क. पार्टीका पोलिटव्यूरो सदस्य बलराम उपाध्यायले टिप्पणी गर्दै त्यो हल्लालाई पूर्ण रूपले तथ्यहीन बताए।[१४] त्यसपछि सरकारले आन्दोलनलाई दबाउनकालागि विभिन्न स्थानमा 'प्रतिकार समिति' गठन गर्न थाल्यो। जस अन्तर्गत धरान नगर पञ्चायतका प्रधानपञ्च बम देवानको अध्यक्षतामा एक बृहद नगर स्तरीय 'प्रतिकार समिति' गठन भयो। यसैगरी झापा जिल्ला पञ्चायतका सदस्यहरूको क्षेत्रीय भेलाले बहुदलवादीहरूको कार्यको निन्दा गर्दै निन्दा प्रस्ताव पारित गऱ्यो।

यसैबीच केही पञ्चहरू र तत्कालीन मन्त्रीहरूले आन्दोलनको बारेमा टिप्पणी गर्दै प्रधान मन्त्रीको दोष औंल्याए। त्यसरी पञ्चहरू र मन्त्रीपरिषद भित्रै आन्दोलनको विषयलाई लिएर मतभेद भएको थाहा पाएपछि आन्दोलनकारीहरूको मनोबल बढ्दै जानु स्वभाविकै थियो। यसबेला नेपालमा भइरहेको आन्दोलनको बारेमा नेपाल बाहिर पनि निकै चर्चा चल्यो। 'एमनेष्टी इन्टर नेशनल', 'एसीयावाच' जस्ता संस्थाले नेपालमा गिरफ्तार भएका व्यक्तिहरूलाई अविलम्ब रिहाई गर्न नेपाल सरकारलाई आव्हान गरे।[१५] यसैगरी अमेरिकी हाउस अफ रिप्रेजेण्टेटिभ र अमेरिकी सिनेटका सदस्यहरूले संयुक्त रूपमा नेपालका राजालाई एक पत्र पठाई 'नेपालमा शान्तिपूर्ण प्रदर्शन हुन दिनु पर्दछ,

पत्रकारिताको जगतमा प्रतिबन्ध लगाइनु हुँदैन' भन्दै पक्राउ परेकाहरूलाई दुःख दिए विरूद्ध चिन्ता व्यक्त गरे।[१६] फागुन १९ गतेलाई पहिलो चरणको अन्तिम कार्यक्रम 'नेपाल बन्द' राखिएको थियो। यो कार्यक्रम सफल हुन नदिन सरकारले ठूलो प्रयास गऱ्यो। उपत्यकाका मिनीबस, ट्याक्सी, ट्याम्पो आदिका साथै सरकारी यातायातका साधनहरूलाई अघिल्लै दिनदेखि बग्गिखानामा थुपार्न लगाइएको थियो। यी साधनहरू त्यसदिन चलाउँदा आवश्यक पर्ने इन्धन सरकारले व्यहोरी दिने[१७] भनेतापनि धेरैले आफ्ना साधन चलाएनन्। त्यसदिन चलाएका केही सवारी साधनहरूमा सरकारकै आफ्ना मान्छे र काठमाण्डौ उपत्यका बाहिरबाट ल्याएका खेलकूद परिषदसंग संम्बन्धित केही मण्डले चरित्रका व्यक्तिहरू मात्र थिए। उपत्यका बाहिर सुनसरी, मोरङ्ग, चितवन, धनुषा, पर्सा, मकवानपुर, पाल्पा आदि स्थानमा पनि १९ गतेको नेपाल बन्द कार्यक्रम सामान्यतया सफल रह्यो। नेपालबन्दको समाचारलाई अन्तर्राष्ट्रिय समाचार माध्यम (बि.बि.सी., अल इण्डीया रेडियो आदि)ले त्यसै साँझ प्रकाशित गरे।[१८] यसरी पहिलो चरणको कार्यक्रम फाल्गुण १९ गते समाप्त भएको थियो। पहिलो चरणको कार्यक्रममा विशेषतः पार्टी कार्यकर्ता, युवाहरू र विद्यार्थीहरूले नै प्रमुख रूपमा भाग लिएकाले यो चरण विशेषतः पार्टीसंग सम्बन्धित कार्यक्रमको रूपमा रह्यो।

**आन्दोलनको दोस्रो चरणः**

आन्दोलनको दोस्रो चरणलाई फागुनको तेस्रो सातादेखि चैत्रको दोस्रो सातासम्म चलाउने भनी निर्धारण गरिएको थियो। आन्दालनको दोस्रो चरण प्रारम्भ हुनु अगावै आन्दोलनको पकड कम्युनिष्टहरूमा गएको प्रचार गर्दै सरकारले कांग्रेस र कम्युनिष्टहरूलाई फुटाउने प्रयास गऱ्यो। जुनकुराको टिप्पणी गर्दै राधाकृष्ण मैनाली (तत्कालीन मालेका नेता) ले "सरकारको कुत्सित फूट पार्ने चाल हो" भनी सरकारको हत्या र आतंक फैलाउने चेष्टा देखि सावधान गरे।[१९] यसै बीच नेपाली कांग्रेसका नेता गणेशमान सिंहले एक अपील प्रकाशित गरी सरकारी यस्तो आरोपको खण्डन गरे। बाममोर्चाकी अध्यक्षा साहाना प्रधानले पनि सरकारी आरोपको खण्डन गरी एकतालाई फुटाउने दुष्प्रयास भनिन्।[२०] यसरी सरकारले आन्दोलनकारी पक्षलाई फुटाउन बल गर्नु र आन्दोलनकारी पक्षले पनि त्यसबेला गर्ने भनि तोकिएका कार्यक्रमहरूलाई राम्ररी चालुगर्न नसक्नु (२१ गते भक्तपुरमा गर्ने भनेको शोक सभा सफल भएन) ले सरकार पक्षको मनोबल बृद्धि भएको आभाष तत्कालीन गृहमन्त्रीको भाषणबाट मिल्छ।[२१] यद्यपि त्यसबेला आएर पञ्चायत भित्रै पनि आन्दोलनको बारेमा विभिन्न धारणाहरू जन्मिए। भू.पू. प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द, रामहरि शर्मा, राजेश्वर देवकोटा सहित चालीस जना तत्कालीन रा.पं.स.हरू भू.पू.रा.पं.स. रणबहादुर शाहको घर (लाजिम्पाट)मा बसी छलफल गरी सरकारले हिंसाको बाटो त्यागी राजनैतिक समाधानको बाटो खोज्नु पर्ने कुरा व्यक्त गरे।[२२] यसै गरी भू.पू. प्रधानमन्त्रीहरूमा सूर्यबहादुर थापा र कीर्तिनीधि बिष्टले पनि समस्याको समाधान दमनको सट्टा छलफलद्वारा गरिनुपर्ने विचार व्यक्तगरे।[२३] तर सरकारले त्यसपछि पनि आफ्नो दमनकारी नीतिलाई त्यागेन।

जसले गर्दा दमनको विरोध गर्दै विभिन्न पेशासंग सम्बन्धित पेशेवार व्यक्तिहरू त्यसपछिको आन्दोलनमा शामेल भए। यसबाट आन्दोलनकारीको केही खस्केको मनोबल पुनः माथि उठेर गयो।

फागुन २२ गतेका दिन काठमाण्डौका ३५० भन्दा बढी वकिलहरूले सर्वोच्च अदालत अगाडि कालो पट्टि बाँधी विरोध प्रदर्शन गर्दै मानव अधिकारको बहालीको माँग राखे र त्यो प्राप्त नभएसम्म आन्दोलनको कार्यक्रम जारी राख्ने दृढता व्यक्त गरे।[२४] अर्कोतिर तत्कालीन प्रधान मन्त्री र अरू मन्त्रीहरू बीचमा खटपट पर्न थालेको हल्ला बजारमा आयो। जसको फलस्वरूप तत्कालीन जलस्रोत सहायक मन्त्री केशवकुमार बुढाथोकीलाई मन्त्रीपदबाट फागुन २५ गते हटाइयो पनि। मन्त्रीपदबाट निष्काशित भएपछि उनले एक पत्रकार सम्मेलन गरे र श्री ५ बाट बहुदल बक्सभएमा आफु पञ्चायतको सती नजाने कुरा व्यक्तगरे भने जनमत संग्रहको बेला पनि आफु बहुदलको पक्षमा रहेको कुरा बताए।[२५] त्यसैबेला मनोनित रा.पं.स. डी.पि. अधिकारीले पनि राजिनामा दिए। यी २ वटा घटनाले आन्दोलनकारीहरूको हौसला झन बढेर गयो।

यसैबेला भारतीय कम्युनिष्ट पार्टी (माक्र्सवादी) का एक जना पोलिटब्यूरो सदस्यले एक वक्तव्य प्रकाशित गरी नेपाली आन्दोलनकारी प्रति समर्थन जनाए। बेलायतमा रहेका करिब ५० जना नेपालीहरूले बेलायत स्थित नेपाली राजदुताबासमा गई एक विरोध पत्र दिए। जसमा 'नेपालमा प्रजातन्त्र र मानव अधिकार स्थापना' र 'सरकारले जनतालाई यातना दिनु हुँदैन' भन्ने कुराको माँग गरिएको थियो भन्ने कुरा २४ गते नेपाल भित्र प्रचारमा आयो।[२६]

फागुन २५ गते 'अन्तर्राष्ट्रिय नारी वर्ष' को दिन थियो। त्यस दिन अन्तर्राष्ट्रिय नारी वर्ष मनाउन पद्मकन्या क्याम्पसमा उपस्थित भएका महिलाहरूले प्रजातन्त्रको समर्थनमा वक्तव्य दिई जुलुश गर्न लाग्दा जुलुश माथि पुलिसले हस्तक्षेप गरेका थिए।[२७]

फागुन महिनाको तेस्रो हप्ताको अन्त्यमा आएर नेपाली कांग्रेस र संयुक्त बाम-मोर्चाले दोस्रो चरणको कार्यक्रम प्रकाशित गरे, जुन यस प्रकार थियोः

१. फागुन २६ गते देशका विभिन्न स्थानमा पञ्चायतको पुत्ला जलाउने,
२. फागुन २७, २८ र २९ गते आन्दोलन सम्बन्धमा विभिन्न खाले प्रचारात्मक कार्यक्रमहरू गर्दै राजनीतिक दलका झण्डाहरू प्रदर्शन गर्ने,
३. फागुन ३० गते प्रचार सभा तथा जुलुश प्रदर्शन गर्ने,
४. चैत्र १ गते नेपाल बन्द गर्ने (शिक्षण संस्था, यातायात, कलकारखाना सहित अन्य सबै स्थान),
५. चैत्र १० गते "जन एकता दिवस" मनाउने।[२८]

उपर्युक्त कार्यक्रम बाहेक "संयुक्त राष्ट्रिय जन आन्दोलन" ले छुट्टै कार्यक्रम दिई चैत्र ५ गते विरोध दिवस मनाउँदै (देश भित्र र विदेशमा समेत) जुलुश प्रदर्शन र आमसभा गर्ने र चैत्र २४ गते नेपालबन्द गर्ने कार्यक्रम राखेको थियो।[२९]

फागुन २६ गते बाम-कांग्रेसको संयुक्त कार्यक्रम अनुरूप काठमाण्डौका हात्ती गौडा, महाराजगञ्ज, पुरानो बानेश्वर, सतुङ्गल, कालीमाटी, कीर्तिपुर, सामाखुसी, गौशालापुल, क्षेत्रपाटी, त्यौड, ठँहीटी, बाँसबारी आदि स्थान, पाटनका त्यागल, बालकुमारी, पाटन सिनेमाहल अगाडि, भक्तपुरका दधिकोट, बोडे र भक्तपुर नगरमा पञ्चायतको पुत्ला जलाइयो। उपत्यका बाहिर मोरङ्गमा महेन्द्र मोरङ्ग क्याम्पस हाताभित्र, सरस्वती हाइस्कूल मा तथा रञ्जनी, दर्बेसा, लक्ष्मीचौकमा र जनकपुरको जनकपुरधाममा तथा चितवनका ३८ वटा गाउँ पञ्चायत र नगर पञ्चायत क्षेत्रभित्र, पोखरामा चिप्ले ढुङ्गामा र सिनेमाहल अगाडिका साथै म्याग्दी, काभ्रे इत्यादि स्थानहरूमा पनि पञ्चायतको पुत्ला जलाइयो। तत्कालीन समाचार माध्यमले यी कार्यक्रमहरूको उल्लेख गरेन। तर वि.वि.सी. नेपाली सेवा, अल इण्डीया रेडियो नेपाली सेवा (मार्च ९), भ्वाइस अफ अमेरिका, वि.वि.सी. हिन्दी सेवा (मार्च १०) ले प्रसार गरेका थिए।

दोस्रो चरणको आन्दोलनको क्रममा पनि आन्दोलनकारीहरू सरकारको यातनाबाट मुक्त हुन सकेनन्। दाङमा प्रहरी हिरासतमा रहेका घनश्याम रेग्मी, महेश लामिछाने, बासुदेव पन्त, भोलानाथ अधिकारी र किरण रेग्मीलाई निर्मम यातना दिई पञ्चायतको पक्षमा लेख्न र टेलिभिजनबाट आन्दोलन विरूद्ध बोल्न बाध्य गराइयो।[३०] तर पनि आन्दोलनकारीहरूको मनोबल घटेन, बरू निश्चित कार्यक्रम अनुसार पञ्चायतको पुत्ला बनाई, त्यसलाई पोली पञ्चायतको विधिवत अन्त्य भएको कुरा व्यक्त गर्दै पञ्चायतको अस्तित्व अन्त्य नभएसम्म आन्दोलन जारी राखिरहने दृढता व्यक्त गरे।

आन्दोलनको दोस्रो चरणको शुरूकै दिन फागुन २६ गते भारतको मधुबनी जिल्लाको जयनगरमा अञ्चलस्तरीय भारतीय पार्टीहरू (भा.क.पा., भा.क.पा (मार्क्सवादी), जनता दल र कांग्रेस (आई) का प्रतिनिधिहरूले "नेपाल लोकतान्त्रिक आन्दोलन सहयोग समिति" गठन गरे।[३१] त्यसको भोलिपल्ट फागुन २७ गते भारतीय सि.पि.एम. सि.पि.आई पार्टीहरू का साथै जनतादलका स्थानीय नेताहरूको आव्हान र नेपालबाट भागेर गएका प्र.ने.का. का करिब दुई-तीन सय मानिसहरूले तत्काल भारतले दिईरहेका दुईवटा नाकाहरू पनि छ घण्टा सम्म रोके। यसबारे नेपाल सरकारले प्रतिक्रिया व्यक्त गर्दै "चन्द्रशेखरको इशारामा प्राप्त २ वटा नाकाहरू पनि रोकिनुले नेपाली जनता र नेपाललाई अप्ठ्यारोमा पार्न खोजेको" भन्यो।[३२]

फागुन २९ गते कीर्तिपुरमा छात्राबास अगाडि तीनकुनेमा राजनीतिक पार्टीहरूका झण्डाहरू फहराइएका थिए। त्यसै बखत केही प्रहरी र मण्डलेहरू आई विद्यार्थी छात्रावासमा समेत प्रवेश गरी छात्रहरूलाई समाउन थालेपछि विद्यार्थी र तिनीहरूबीच मुठभेड भयो। तर तत्काल थप प्रहरी आएकाले विद्यार्थीहरू भागे यद्यपि केहीलाई प्रहरीले पक्राउ गऱ्यो। उपत्यका बाहिर झापामा पनि कार्यक्रम थियो, जहाँ पनि प्रहरीसंग आन्दोलनकारीको साधारण झडप र भागाभागको स्थिति रह्यो। त्यो दिन नारायणघाट बजार बन्द थियो तर त्यसै दिन तत्कालीन रा.पं.स.हरू जागृत प्रसाद भेटवाल र भीमबहादुर श्रेष्ठलाई प्रहरी भ्यानमा नारायणघाट बजार ल्याएको कुरा त्यहाँ स्थानीय बासिन्दाहरूले

थाहा पाएपछि धेरैको संख्यामा जनताहरू प्रहरी भ्यान अगाडि भेला हुन थाले। उपस्थित जनसमुदायलाई प्रहरीले शक्ति प्रयोगबाट तितर बितर पाऱ्यो र नगर पञ्चायतको भ्यानमा प्रहरीले ल्याएका केही व्यक्तिबाट एकलौटी रूपमा त्यहाँको घटनाबारे सरजमिन गरायो।[३३] त्यसदिन बामपन्थी नेता राधाकृष्ण मैनालीको अन्तरवार्ता वि.वि.सी. ले प्रसारित गऱ्यो। मैनालीले आन्दोलनकारीको माँग (पञ्चायतको अन्त्य र बहुदलको स्थापना) पूरा गर्न डाक्टर, वकिल, प्राध्यापक आदिबाट बल पुगेको बताउँदै नेपालीका नाताले निहत्था नेपालीलाई केही पनि नगर्न प्रहरीलाई आव्हान गरे। यसै गरी पुराना राजनीतिक कार्यकर्ताहरू र नेपाल बार एसोसीएसनले पनि सरकारको आलोचना गरे। उता त्यसै दिन तत्कालीन प्रधानमन्त्रीले बाणिज्य संघ र चेम्बर अफ कमर्शका सभापति सँग भेट गरी ३० गते काठमाण्डौमा पसल खुलाउनका लागि दबाव दिए। तर त्यसदिन पूर्ण सुरक्षा नहुने र पूर्ण सुरक्षाको ग्यारेण्टी नभएसम्म पसल खोल्न नसकिने भनि उनीहरूले उत्तर दिए।[३४] यसकुराबाट तत्कालीन सरकारले शान्ति स्थापना गर्न नसक्ने स्थिति र जनताको ठूलो हिस्साले सरकारी कार्यवाहीलाई असहयोग गर्ने मनस्थिति रहेको तथ्य स्पष्ट हुन्छ।

फागुन ३० गते काठमाण्डौंमा भेडासीं, लाजिम्पाट, शंकरदेव क्याम्पस, नयाँबजार, भोंसिका टोल आदि स्थानका साथै पाटन, भक्तपुर र उपत्यका बाहिर पोखरा, चितवन, काभ्रे, पाल्पा आदि स्थानमा मसाल जुलुश निस्किए।[३५] कीर्तिपुर तीनकुनेमा विरोध सभा भयो। जहाँ आन्दोलनकारीले बाम मोर्चा र काँग्रेसका झण्डा गाडे। यस स्थानबाट पुलिसले धेरै विद्यार्थीहरू पनि पक्राऊ गऱ्यो। सरकारले त्यसबेला जेलमा रहेका राजबन्दीहरू मध्ये केहीलाई उपत्यकाका केन्द्रीय कारागार, भद्रगोल जेल र नख्खु जेलबाट गरी करीब २० जनालाई चौतारा जेल तर्फ चलान गऱ्यो। त्यसरी जेल सारिनेहरूमा नेपाली कांग्रेसका हरीबोल भट्टराई र बामपन्थी नेता पद्मरत्न तुलाधर पनि थिए।[३६]

आन्दोलनको कार्यक्रम अनुसार चैत्र १ गते "नेपाल बन्द' थियो, जुन दिनको कार्यक्रमबाट काठमाण्डौका तीनै शहर, झापा, मोरङ्ग, सुनसरी, धनुषा, चितवन, पर्सा, कास्की, पाल्पा आदि ठाउँमा निकै प्रभाव पऱ्यो। त्यस दिन कृषि विकास कार्यालयका कर्मचारीहरूले एक घण्टा सम्म काम नगरी टोकन हडताल गरे।[३७] तर त्यस पटकको नेपाल बन्दको कार्यक्रम त्यसभन्दा अगाडिका नेपाल बन्दका कार्यक्रमहरू जत्तिको सफल भने देखिएन।

चैत्र २ गते जलेश्वर जेलमा सुधारको माँग राखी अनशन शुरू भयो। जेलभित्र भएको अव्यवस्था र बढी भन्दा बढी व्यक्तिलाई जेलमा ल्याउने कामबाट जेलको व्यवस्था ज्यादै नराम्रो हुँदै गएको थियो। यसदिन इन्जिनियरिङ क्याम्पस पुल्चोकमा 'मण्डले' भनिने तत्कालीन सरकार-समर्थक गुण्डाहरूद्वारा धेरै विद्यार्थीहरू माथि गरिएको आक्रमण प्रति विरोध जनाउँदै चैत्र ३ गते सो क्याम्पसका प्राध्यापकहरूले मुखमा कालो पट्टि बाँधी कक्षा बहिष्कार गरे।[३८] न्वायल नेपाल एकेडेमीले ठाउँ नदिएकोले त्यसै दिन दिउँसो २ वजे त्रि-चन्द्र क्याम्पसमा भेला भएका करिव ३०० जति लेखक कलाकारहरूले पनि सरकारी दमनको विरोध गर्दै मुखमा कालो पट्टि बाँधी बिरोध जनाए। यस ठाउँबाट कवि युद्धप्रसाद

मिश्र र कलाकारहरू हरिवंश आचार्य र मदन कृष्ण श्रेष्ठ सहित अन्य १३ जना जतिलाई गिरफ्तार गरियो। त्यसदिन महाराजगञ्ज क्याम्पसमा 'क्याम्पस-स्थापना दिवस' मनाउने कार्यक्रम थियो। विभिन्न वक्ताहरूले आन्दोलनलाई क्रमबद्ध रूपमा लैजानु पर्ने कुरा बताए। उता सरकारको कार्य शैलिमा भने त्यसबेला सम्म पनि कुनै परिवर्तन आएको थिएन। धरपकड, यातना, जेल चलान, जेल सार्ने काम, आन्दोलनको विरूद्धमा बक्तव्य भाषण, पञ्चे जुलुश आदि एक पछि अर्को गरी आईरहेका थिए। यसका वावजूद पनि क्रान्तिकारीहरूको जोशमा मन्दता आएको थिएन। बरू त्यसबेला देखि आन्दोलनले गाउँ गाउँलाई पनि समेटी सकेको थियो।[३९]

चैत्र ५ गते "संयुक्त राष्ट्रिय जन आन्दोलन"को आव्हान अनुरूप विरोध दिवसको दिन थियो। कार्यक्रम अनुसार कीर्तिपुर र पाँगा सहित उपत्यकाका विभिन्न स्थानहरू (पाटन, भक्तपुर, त्यौड आदि) र उपत्यका बाहिरका केही स्थानहरूमा पनि बिरोध जुलुश निस्किए। त्यस दिनको जुलुशबाट नन्द कुमार प्रसाई लगायत अन्य ३० जना जति पक्राउ परे। सरकारी दमनको विरोधमा अमृत साइन्स क्याम्पसका प्राध्यापक र कर्मचारीहरूले त्यस दिन काम बहिस्कार गरे।[४०]

काठमाण्डौं बाहिर जनकपुर र चितवनमा पनि आन्दोलन बढ्दै गएको थियो। त्यहाँका सामान्य जनता पनि तीब्र रूपमा आन्दोलित भै सकेका थिए। त्यसैले प्र.नें.का. का नेता महेन्द्र नारायण निधिलाई जनकपुर अस्पतालबाट जलेश्वर जेल चलान गरियो।[४१]

चैत्र ६ गते उपत्यकाका सरस्वती, त्रि-चन्द्र, रत्नराज्य, शंकरदेव, नेपाल ल आदि विभिन्न क्याम्पसहरूका विद्यार्थीहरूले पञ्चायतको पुत्ला जलाए। यस्तै जनकपुर र भक्तपुरमा मसाल जुलुश निस्किए।[४२]

चैत्र ७ गते आन्दोलन शुरू भएको एक महिना भैसकेको थियो, तर पनि सरकारको व्यवहारमा भने कुनै पनि फरक आएको थिएन। दमन, यातना, धरपकड लगातार जारी थियो। बढ्दो दमनका कारण आन्दोलनमा सक्रिय युवावर्गले बिना हात-हतियार लड्न सकिन्न कि भन्ने सोच्न थाले। त्यसले गर्दा आन्दोलनलाई अन्य वर्ग र व्यवसायीहरूमा लैजानु पर्ने आवश्यकता महशूश भयो। चैत्र ७ गतेको बुद्धिजीवी भेला यसै दिशातर्फ प्रथम प्रयास थियो। त्यस दिन त्रि.वि.कीर्तिपुरको अडिटोरीयमहलमा बिभिन्न पेशामा संलग्न करिव ७०० जति बुद्धिजीवी र विद्यार्थीहरू भेला भएर तत्कालीन परिस्थितिमा बुद्धिजीवीहरूका भूमिका बारे प्रवचन कार्यक्रम गरी रहेको अवस्थामा प्रहरीको ठूलो जत्थाले त्यो स्थानलाई घेरा हाली सबैलाई गिरफ्तार गऱ्यो।[४३]

यसकामले आन्दोलनकारीहरूलाई ठूलो समर्थन मिल्यो। विभिन्न पेशासँग सम्बन्धित त्यति धेरै बुद्धिजीवीहरूको एकै स्थानबाट भएको गिरफ्तारीले ठूलो सनसनी फैलियो। तत्कालीन त्रि.वि. पदाधिकारीहरूबाट संचालन गर्न स्विकृति प्राप्त कार्यक्रमबाटै अचानक गिरफ्तारी दिनुपर्दा गिरफ्तार हुनेहरूको मनोभावनामा ठूलो चोट लाग्नु स्वाभाविकै थियो। त्यसका अतिरिक्त गिरफ्तार गरी बग्घिखाना पुऱ्याइएका केही व्यक्तिहरू माथि प्रहरीले अभद्र व्यवहार समेत गरेबाट तत्कालीन सरकारी नीतिको कमजोरी प्रष्टै हुन्थ्यो। त्यसैले

बुद्धिजीवीहरूको गिरफ्तारलाई आन्दोलनकारीका साथै अन्तर्राष्ट्रिय सञ्चार माध्यमले समेत खूब प्रचार गरे। यसपछि आन्दोलनको स्वरूपमानै परिवर्तन आई त्यस्को खास केन्द्रविन्दु शिक्षा क्षेत्र हुन थाल्यो। स्कूलका शिक्षक विद्यार्थीहरू पनि आन्दोलनमा सक्रिय हुन थाले।

चैत्र ८ गते "नेपाल राष्ट्रिय शिक्षक संगठन" को आव्हानमा शिक्षकहरूको सांकेतिक हडतालको दिन थियो। त्यस दिन उपत्यकाका सारा विद्यालयहरूमा कलम बन्द भयो। चैत्र ७ गते कीर्तिपुरबाट भएको बुद्धिजीवीहरूको गिरफ्तारी र ८ गतेको शिक्षक संगठनको कलम बन्दको आह्वानको समर्थन गर्दै त्यस दिन शिद्घार्थ बनस्थली, महेन्द्ररत्न, पब्लिकयुथ र नर्सिङ्ग क्याम्पसका विद्यार्थीहरूले क्याम्पस-क्याम्पसमा जुलुश निकाले।[४४] त्यसका अतिरिक्त पाटन, चितवन, पाल्पा, झापा आदि स्थानमा पनि कार्यक्रम आशातीत रूपमा सफल भए।[४५] विद्यालयका शिक्षकहरू मात्र नभएर स-साना विद्यार्थीहरू पनि आन्दोलनमा सक्रिय हुन थाले पछि आन्दोलन झन भयावह हुन थाल्यो। सरकारको दमनकारी नीति र विद्यार्थीहरूको छिटै उत्तेजित हुने स्वभावले गर्दा धेरै अभिभावकहरू चिन्तित हुन थाले। यसै बीच काठमाण्डौका पत्रिका पसलेहरूले 'गोरखापत्र' र 'राइजीङ्ग नेपाल' बिक्रि नगर्ने निधो गरेपछि सरकारी समाचार माध्यम समाजमा तिरस्कृत भयो।[४६] उता भारतको नयाँ दिल्लीमा चैत्र ४ गते देखि ८ गते सम्म भएको "एशियाली सूचना केन्द्र"को तेश्रो अन्तराष्ट्रिय सम्मेलनले (३० देशका विद्याथीहरू सहभागी भएको) नेपालमा प्रजातन्त्रकोलागि भैराखेको आन्दोलनलाई समर्थन जनायो।[४७]

चैत्र ९ गते पनि आन्दोलन कायमै रहयो। त्यस दिन पनि उपत्यकाका विभिन्न विद्यालयहरूका विद्यार्थी एवं शिक्षकहरूले सरकारको दमन प्रति घृणा र रोष देखाए भने आन्दोलनकारी र प्रहरी बीच साना-तिना झडप पनि भए।

चैत्र १० गते विरोध-जुलुशको कार्यक्रम थियो। त्यस दिन उपत्यका भरी प्रहरीको अत्यधिक तैनाथी भएतापनि कीर्तिपुरमा प्राध्यापकहरूको मौन जुलुश निस्कियो। त्यसै गरी वकिलहरूले पनि हातमा कालोपट्टि बाँधी बिरोध जनाउन सफल भए। त्यसै दिन उपत्यकाका विभिन्न सडक र गल्लीका साथै क्याम्पसहरूमा पनि "जन एकता दिवस" मनाइयो।[४८]

"जन एकता दिवस" धेरै ठाऊँमा मनाइए तापनि त्यसभन्दा अगाडिका कार्यक्रम जत्तिको सफल हुन सकेन। यसबाट आन्दोलनकर्ताहरूमा केही निराशा बढ्छ कि जस्तो देखियो। तर त्यसबेलासम्ममा असंख्या शिक्षण संस्थाहरू आन्दोलनमा लागिसकेका र विद्यार्थी-शिक्षकहरूमा आन्दोलनप्रति निराशाको सट्टा झनझन हौशला बढ्न् थालेको हुनाले आन्दोलन सेलाएर जाने सम्भावना भने थिएन। बरू त्यसपछि आन्दोलनमा निजामति कर्मचारीको समेत सहभागिता थपियो। ठीक त्यसैबेला दूर सञ्चारका कर्मचारीहरूको सुविधा सरकारी दमन कोषमा जाँदैछ भन्ने एउटा हल्ला निकै बढेर गयो। जसले कर्मचारी जगतमा ठूलो सनसनी फैलियो र उनीहरू पनि सरकारी कार्यको बिरोध गर्न थाले।[४९]

यसै बीच स्विटजरलैण्डले नेपालमा मानव अधिकार उल्लंघन भएको प्रश्न उठायो। चैत्र ११ गते स्विटजरलैण्डबाट निस्कने समाचार पत्र "Tages Anyeiger" मा उल्लेख भए

अनुसार नेपालमा मानव अधिकार हनन भैरहेको र सो नरोकिंदा सम्म स्विटजरलैण्डले नेपाललाई दिंदै गरेको सहायता रोक्ने भयो।[५०]

चैत्र ११ र १२ गते पनि विभिन्न क्याम्पस र स्कूलका विद्यार्थीहरू सक्रिय भए। चैत्र १२ गते उपत्यकामा ल क्याम्पस, रत्नराज्य लक्ष्मी क्याम्पस, इञ्जिनियरिङ्ग क्याम्पस र शान्ति विद्यागृह, लैनचौरका विद्यार्थी र प्रहरीहरू बीच मुठभेड भयो।[५१] क्याम्पसमा जवरजस्ती प्रहरी पस्ने, विद्यार्थीलाई धर पकड गर्ने र यातना दिने काम हुन थाले। यसपछि क्याम्पसका प्राध्यापकहरू, त्रि.वि.पदाधिकारी, सामान्य कर्मचारी र विद्यार्थीहरू सरकारसंग रूष्ट भए। यसको प्रतिक्रिया स्वरूप सरस्वती क्याम्पस समितिले प्रहरी हस्तक्षेप गराएको विरूद्धमा उपकुलपतिलाई स्मृति पत्र दियो। त्यसैगरी तत्कालीन प्राध्यापक संघ केन्द्रिय संघर्ष समितिले पनि त्रि.वि. पदाधिकारीको राजीनामाको माँग गर्‍यो।[५२] यसैबीच कीर्तिपुरको महिला छात्रावासमा केही बलिया र देख्दै डरलाग्दा व्यक्तिहरू गई छात्राहरूलाई धम्क्याएको हुनाले त्यसको विरोधमा पनि उपकुलपतिलाई विरोध पत्र दिइयो।[५३] ठीक त्यसै बेला विद्यालयका शिक्षकहरूले "नेपाल राष्ट्रिय शिक्षक संघर्ष समितिको गठनगरी सरकार समक्ष १३ सूत्रीय माँगहरू प्रस्तुत गरे।[५४]

चैत्र १३ गते पनि शिद्धार्थ बनस्थली, रत्नराज्य लक्ष्मी क्याम्पस र ल क्याम्पसका विद्यार्थीहरू र प्रहरीहरू बीच मुठभेड भयो। विभिन्न विद्यार्थीयूनियनहरूले क्याम्पस हाताभित्र हुनेगरेको प्रहरी हस्तक्षेपको विरोध गरे। यसबेला काठमाण्डौं उपत्यका बाहिर पनि संघर्ष निकै चर्किंदै जान थाल्यो। बुटवलमा आन्दोलनका क्रममा पक्रिएका विद्यार्थीहरूको रिहाईकोलागि माँगगर्नु, बिराटनगरका बौद्धिक समुदायले तत्कालीन राजनीतिक बातावरणलाई फराकिलो पार्न र राजनैतिक पद्धतिमा बहुपक्षीय विचारधाराको प्रतिनिधित्व हुन् सक्ने तुल्याउन राजा समक्ष विन्तिपत्र चढाउनु[५५] आदि जस्ता कामले आन्दोलनको आगोमा धिउ थप्ने काम गर्‍यो।

चैत्र १४ गतेदेखि आन्दोलन निकै बढेर गयो। उपत्यकाका विभिन्न स्कूलहरूमा त्यस दिन पनि छात्र र प्रहरी बीच मुठभेड भयो।यसबाट धेरै विद्यार्थीहरू घाइते भए भने केही पक्राउ पनि परे। त्यसरी पक्राउ पर्नेहरूमा स्कूलका स-साना केटाकेटीहरू समेत भएको र तिन्लाई पनि प्रहरीले यातना दिएको हुनाले त्यसको बिरोधमा नेपाल विद्युत प्राधिकरणका केही कामदारहरूले त्यस दिनको कार्यालयको काम बहिष्कार गरे। त्यस्तै सरकारी दमनको बिरोध गर्दै खाद्य संस्थानमा २ घण्टा कलम बन्द भयो। अस्पतालमा चिकित्साकर्मीहरू र राष्ट्रबैंकका कर्मचारीहरूले पनि सरकारको काममा आफ्नो असहमति व्यक्त गरे। त्यसै दिन मेची क्याम्पसका विद्यार्थीहरूले कालो झण्डा बोकी नारा जुलुश सहित पञ्चायतको पुतला जलाउँदै गरेको ठाउँमा मण्डलेहरूले गरेको सांघातिक हमलाबाट रामथापा भन्ने विद्यार्थीको मृत्यु भयो।[५६] रामथापाको राजनैतिक झुकावका बारेमा आन्दोलन पछि निकै विवाद पनि भयो। ने.बि. संघका विद्यार्थीले उनलाई आफ्नो समर्थक बताए[५७] भने रामथापाकी आफ्नै भाउजुले रामथापा शुरू देखिनै अनेरास्ववियूको पक्षमा रहेको बताइन्।[५८] रामथापाको मृत्युले विद्यार्थी जगतमा तीव्र आक्रोश पैदा भयो। यसबाट बिभिन्न क्याम्पसमा

जुलुश प्रदर्शनका साथै पञ्चायतको पुतला जलाउने काम भयो।

चैत्र १५ गते आन्दोलनको कुनै घोषित कार्यक्रम नभए तापनि विद्यार्थी र प्रहरी बीच धेरै स्थानमा मुठभेड भयो। त्यस दिन राती पाटनमा मसाल जुलुश निस्कियो र १६ गतेको बत्ती निभाउने कार्यक्रमलाई सफल पार्ने आव्हान गर्दै केही युवकहरू विभिन्न स्थानका बाटामा दगुरे। त्यसैगरी त्यस दिन त्रि.वि. उपकुलपति कार्यालय अगाडिको प्राङ्गणमा भेला भएका देश भरका प्राध्यापकहरूले आन्दोलनको क्रममा निस्काशित पृथ्वीनारायण क्याम्पस, पोखराका प्राध्यापकहरूको विनाशर्त बहाली गर्न र काठमाण्डौंको कीर्तिपुर स्थित अडिटोरीयमबाट चैत्र ७ गते पक्राऊ परेका संपूर्ण प्राध्यापकहरूलाई प्रहरी कब्जाबाट रिहाई गराउनु पर्ने कुराको माँगगर्दै सो माँग पूरा गर्न नसके त्रि.वि. का केन्द्रीय पदाधिकारीलाई कुर्सी छाड्न भन्दै ती माँग पुरा नभए प्राध्यापकहरू आन्दोलनमा उत्रन वाध्य हुने कुरा बताए।[५९] त्यसबेला (दोस्रो चरणको कार्यक्रमको अन्तिम दिन) सम्ममा आन्दोलन काठमाण्डौं, पूर्वमा इलाम, झापा, मोरङ्ग, सुनसरी, जनकपुर आदि स्थानका साथै पश्चिममा पाल्पा, बाग्लुङ्ग, अर्घाखाँची, दैलेख, जुम्ला, नेपालगञ्ज आदि स्थानका साथै मध्य नेपालमा पनि फैलीसकेको थियो।[६०]

**आन्दोलनको तेश्रो चरणः**

नेपाली कांग्रेस र संयुक्त बाम-मेर्चाबाट चैत्र ६ गते नै तेश्रो चरणको आन्दोलनको कार्यक्रम प्रकाशित भयो। यो यस प्रकार थियोः

१. चैत्र १६ गते बेलुका ७ बजे देखि ७.१० बजेसम्म सबैले बत्ती निभाउने।
२. चैत्र २२ गते आन्दोलनमा मारिएका शहीदहरूको स्मृतिमा विभिन्न धार्मिक स्थलहरूमा शोक सभा गर्ने।
३. चैत्र २७ गते नेपालको सम्बिधान जलाउने र नयाँ सम्विधानको माँग गर्ने।

चैत्र १६ गते उपत्यकाका नेपाल ल, रत्नराज्य, विश्वभाषा, अमृत साइन्स, महाराजगञ्ज, महेन्द्ररत्न, शंकरदेव आदि क्याम्पसहरूमा प्रहरी र विद्यार्थीहरू बीच भिडन्त भयो। विद्यालयहरूमा शान्ति विद्यागृह, शिद्धार्थ बनस्थली, परोपकार, भानु मेमोरियल, शिवपुरी, विश्व निकेतन, जन प्रभात, कन्या आदिमा पञ्चायत बिरोधी प्रदर्शन भए। अधिकांश स्थानमा प्रहरीले हस्तक्षेप र लाठीचार्ज गर्दा गर्दै पनि विद्यार्थीहरू घाइते भएतापनि कन्या मा.वि. का विद्यार्थीहरूले पञ्चायतको पुत्ला जलाई छाडे भने भानु मेमोरियलका विद्यार्थीहरूले सरकारी मोटरमा क्षति पुऱ्याए।[६१] कीर्तिपुर तीनकुनेमा विद्यार्थीहरूले आमसभा गरे र पञ्चायतको पुत्ला बनाई त्यहीं छेउको एक विजुलीको खम्बामा फाँसीमा झुण्ड्याए।[६२] सो पुत्ला क्रान्ति अवधि भरि नै त्यहीं झुण्डिरहेको देखिन्थ्यो।

यसरी स्कूल क्याम्पसमा आन्दोलन तीव्र रूपमा बढ्दै जानु र शिक्षक विद्यार्थी, सरकारी कर्मचारी पनि आन्दोलनप्रति उत्साहित हुनुले सरकारलाई धेरै अपठ्यारो पर्दै गयो। सरकारले एकपछि अर्को शिक्षण संस्था बन्द गर्न दबाव दिन थाल्यो। प्रकाशित कार्यक्रम अनुसार

चैत्र १६ गते साँझको बत्ती निभाउने काम सबैतिर राम्ररी सफल भयो। पाटनमा बत्ती निभाएका बेलामा प्रहरीहरूले घरघरमा गई बत्ती बाल्न दबाव दिए र उनीहरूको भनाइ नमान्ने माथि बल प्रयोग समेत गर्न थाले। यस कार्यले जन आक्रोस झन बढ्यो।

चैत्र १७ गते बिहानदेखि नै पाटनका जनताले ज्यादै ठूलो जुलुश निकाले। सो जुलुशमा पनि प्रहरीले हस्तक्षेप गर्न खोज्यो। तर जनता र प्रहरी बीच ढुङ्गामुढा हानाहान भयो। जनताले प्रहरीलाई लखेटे र पाटनको मंगल बजार थाना सहित नगर पञ्चायत भवनमा आगो लगाइदिए। त्यसै दिन १२ बजे दिउँसो प्रहरीहरू संगठित भइ जनतामाथि गोली चलाउन लागे, जसबाट के कति व्यक्तिहरू मारिए तत्काल यक्किन हुनसकेन। यद्यपि एक पत्रिकाले २ जना मारिएका, २० जना भन्दा बढी घाइते भएका र सयौं पक्राउ भएका भनि समाचार छाप्यो।[६३] त्यस पछि त्यस दिन भरी नै पाटनका जनताले जुलुश निकाले। यो जुलुशलाई दवाउन सरकारले सेनाको समेत प्रयोग गऱ्यो।[६४] आन्दोलनमा भाग लिने आफ्ना दाजु-भाई र छिमेकीहरूको रगत आफ्नो अगाडि पोखिएको देखेपछि पाटनका सारा जनता (आइमाइ, केटाकेटी सहित) आफु सँग उपलब्ध घरायसी हतियार सहित घर बाहिर निस्केर पहरा दिनुका साथै पाटनमा मोटर आउने बाटो बन्द गर्न थाले। पाटनको यो स्थिति सरकारकोलागि पनि धेरै सम्बेदनशील बन्यो।

यसै दिन भारतमा चन्द्रशेखरको नेतृत्वमा २०७ जना सांसदहरूले नेपालको आन्दोलनप्रति समर्थन जनाउँदै बक्तव्य दिए। त्यस दिनको भारतीय दूरदर्शनले यस संवन्धी समाचार प्रकाशित गरेको थियो। यस्तै भ्वाइस अफ अमेरिका र वि.वि.सी.ले पनि नेपालको जन आन्दोलनबारे खवर दिंदै नेपालका परराष्ट्र मन्त्रीले राजीनामा दिएको कुरा बताए।

चैत्र १८ गते पनि पाटन बजार पूर्णरूपमा आन्दोलित थियो। पाटन बजारमा नयाँ मान्छे र प्रहरी पस्न त्यहाँका जनताले पूर्ण रोक लगाए। पाटनको यस कार्यले पाटन मात्र हैन, सारा उपत्यका आन्दोलित भयो। पाटन कब्जा गर्ने जनता माथि प्रहरीको केही जोर नचलेको देखेपछि काठमाण्डौं उपत्यकाका अन्य भागका जनताको पनि मनोवल बढ्यो।

चैत्र १९ गते देशव्यापी रूपमा डाक्टरहरूले हडताल गरे। आकस्मिक सेवा बाहेक क्लिनिक समेत बन्द गरे। त्यो दिन उपत्यकाका विभिन्न क्याम्पस र स्कूलहरूमा विरोध प्रदर्शन भई रहयो। यसै दिन देखि स्थानिय जनताले पाटनलाई पञ्चायती शासनबाट मुक्त क्षेत्र घोषित गरे। पाटनमा भएको विशाल आमसभालाई सम्बोधन गर्दै शिद्धिलाल सिंह र अन्य नेताहरूले आन्दोलनलाई अझै अगाडि बढाउने आव्हान गरे।[६५] पाटनका ७६ जना पञ्चहरूले गोली काण्डको बिरोध गरे र सरकारले अव पनि दमन नीति लिएमा राजिनामा दिने धम्की दिए।[६६] यसै गरी नेपालका धेरै चार्टर एकाउण्टेण्टहरूले सरकारी कार्य चिन्ताजनक भएको बताए भने नेपाल बार एसोसिएसनले एक जाँच आयोग गठन गर्नु पर्ने माँग गऱ्यो।[६७] यसबेला सम्ममा आन्दोलनले विभिन्न पक्ष र स्थानलाई समेटी सकेको र पाटनले अझ उग्ररूपलिई आन्दोलनलाई दवाउनै नसकिने स्थिति बनेकाले पञ्चहरू पनि धेरै आत्तिन थालेका थिए। यस जनआन्दौलनबारे विचार गर्न १७ गते पञ्चायत नीति तथा जाँचबुझ समितिमा जम्मा भएका भूतपूर्व प्रधानमन्त्रीहरू कुनै निष्कर्षमा पुग्न नसक्नु,

तत्कालीन मन्त्रीपदमा बसेका मन्त्रीहरूले राजिनामा दिनु, बहालवाला राष्ट्रिय पंचायतका सदस्यहरूका साथ अरू धेरै पञ्चहरूले आन्दोलनलाई शक्तिको भरमा कुल्चने कुरामा सहमति नजनाउनुले पनि पञ्चायत भित्रको कमजोरी र दिशा विहीन अवस्था थाहा पाउन कुनै गाह्रो पर्दैनथियो। यसरी एकातिर पञ्चहरू बीच विवाद चर्केको र अर्कोतिर आन्दोलन झन बढ्न लागेको अवस्थामा आन्दोलनकारीसँग वार्ता गर्नु बाहेक अर्को विकल्प हुन सक्तैनथ्यो। तर चैत्र १९ गते श्री ५ बाट श्रेष्ठ मन्त्रीपरिषदको तेश्रो पुनर्गठन गरिबक्स्यो, जसले आन्दोलनलाई शान्त पार्न सकेन बरू यस कार्यबाट आन्दोलनकारीहरूले आफूलाई उपेक्षित गरिएको महशुश गर्न थाले। अतः आन्दोलन झन चर्केर जान लाग्यो, जस्लाई रोक्न नवगठित (पञ्चहरूको) मन्त्री परिषद पनि असक्षम भयो।

आन्दोलनकारीहरूले सरकारी हत्या र दमनको विरोध स्वरूप चैत्र २० गते उपत्यका बन्दको आव्हान गरे। यसबेला पाटनको स्थिति ज्यादै भयाबह भयो। यस दिन पनि आन्दोलनकारीहरूले पाटनलाई चारै तर्फबाट घेरी कांग्रेस र बामका झण्डा सहित जुलुश र आमसभा गरे। यस दिन पाटनको सुन्धारामा भएको आमसभालाई विभिन्न भूमिगत नेताहरूले सम्वोधन गर्दै जनताको विजय निश्चित भएको कुरा बताए।[६८] छोटो समयमा बनाइएको कार्यक्रम भए तापनि त्यस दिनको 'नेपाल बन्द' पूर्ण रूपमा सफल रहेको थियो। यस दिन बिहान कीर्तिपुरको पाँगामा एक जुलुश निस्कियो र अपरान्ह करीव ३ बजेतिर कीर्तिपुरका केही युवाहरू मिली पञ्चायतको पुत्ला जलाउनुका साथै जुलुश पनि निकाले। त्यो जुलुश कीर्तिपुर थाना छेउ पुगेपछि जुलुशमा सहभागी विभिन्न व्यक्तिहरूलाई प्रहरीले पक्राउ गर्न थाल्यो। त्यसरी पक्राउपर्नेहरूमा एकजना बालक थिए। ती बालकलाई छुटाउन एकजना व्यक्ति गए तर प्रहरीले उनलाई र अरूहरूलाई समेत अन्धाधुन्ध गोली प्रहार गऱ्यो। त्यसरी गोली चलेपछि स्थानिय जनताले गोली लागेका व्यक्तिहरूलाई अस्पताल लाने प्रयास गर्न थाले। गोलीलाग्ने व्यक्तिहरू मध्ये राजमान मालीको घटनास्थलमा नै मृत्यु भयो। मृतकको शरीरलाई स्थानिय जनताले आफ्नो कब्जामा लिए र कीर्तिपुरलाई किल्ला बन्दी गरी प्रहरीलाई प्रवेश गर्न दिएनन्। कीर्तिपुरलाई सुरक्षित राख्न उनीहरूले रातको समयमा पनि पहरा दिए। त्यस दिन साँझमा बत्ती निभाउने कार्यक्रम उपत्यकाभरि नै राम्ररी सफल भयो।

चैत्र २१ गते बिहान ठूलो संख्यामा कीर्तिपुरका जनताहरू भेला भई मृतकको शव लिएर कीर्तिपुर बजार परिक्रमा गरे। करिव ५० हजार जतिको उक्त जुलुशले पञ्चायतको बिरोधमा नारा घन्काउँदै शवको दाह संस्कार गऱ्यो। कीर्तिपुरको शव जुलुशमा मिसिन आईरहेका नैकापका जनतालाई प्रहरीले रोक्न खोजेपछि जनता र प्रहरी बीच झडप भयो। प्रहरीको संख्या सानो भएको र नैकापका जनताहरू अग्लो ठाउँमा भएकाले जनताले प्रहरीलाई लखेटे। यसैबीच प्रहरीले गोली चलाउन थालेका र तत्काल अरू प्रहरी पनि त्यहाँ आइ पुगेका हुनाले जनताहरू तितर वितर भई भागे। त्यस दिन नैकापमा कोही पनि मारिएन। यस घटना पछि प्रहरीहरू कीर्तिपुर आउन सकेनन्। कीर्तिपुरका जनताले कीर्तिपुरलाई मुक्त क्षेत्र घोषित गरे। त्यही दिन कीर्तिपुर क्षेत्रका ३ जना प्रधानपञ्चहरूले

आफ्नो पदबाट राजिनामा गरे।[६९] त्यसदिन पनि उपत्यका भरि नै बत्ती निभाउने काम भयो।[७०]

चैत्र २२ गते काठमाण्डौका विभिन्न धार्मिक स्थलहरूमा श्रद्धाञ्जली सभाको कार्यक्रम थियो। यस अनुरूप पशुपतिनाथका साथै अन्य विभिन्न धार्मिकस्थलहरूमा यस्ता सभाहरू भए। त्यसबेला सम्ममा पाटन, कीर्तिपुरका साथै सम्पूर्ण काठमाण्डौ उपत्यका आन्दोलनको आगोमा लपेटिई सकेको हुँदा त्यस दिनको कार्यक्रममा सदा जस्तो प्रहरी हस्तक्षेप हुन सकेन, जसले गर्दा आन्दोलनकारीहरूको मनोबल पूरै बढेर गयो। काठमाडौं उपत्यका बाहिर पनि पोखरा, चितवन, मकवानपुर, पाल्पा आदि स्थानमा समेत आन्दोलन तीव्र रूपमा बढ्न थाल्यो। यसले गर्दा तत्कालीन सरकारले केही गर्न सकेन। यस्तो हुनु स्वाभाविकै थियो। तर पनि सरकारले अझै पनि आन्दोलनलाई केही गरी शान्त गर्न सकिन्छकि भनी कास्कीका तत्कालीन रा.पं.स. सोमनाथ अधिकारी प्यासीलाई मुस्ताङ्ग जेलबाट पोखरा जेलमा सार्‍यो। तर यसबेला सम्ममा आन्दोलन निकै अगाडि बढी सकेकाले एक जना व्यक्तिलाई जेल सार्ने कामले कुनै असर पारेन। चैत्र २२ गते आन्दोलनको ज्वाला काठमाडौं उपत्यका सहित देशका विभिन्न स्थानमा चर्किँदै गयो र आन्दोलन प्रति विभिन्न पक्षको प्रत्यक्ष समर्थन बढन थाल्यो। विभिन्न कायलियका कर्मचारीहरूले सरकारी काम छाडी आन्दोलनकारीहरूलाई पूर्णरूपमा सहयोग दिनथाले। यसबेला सरकारले आन्दोलनलाई दवाउन त के, आन्दोलनकारीसम्म पुग्न पनि कठिन हुन गएको थियो, जसलेगर्दा त्यसपछिका प्रयासहरू राजाबाट नै हुनुपर्ने अनिवार्यता बन्यो।

'संयुक्त राष्ट्रिय जन आन्दोलन' ले आव्हान गरे अनुरूप चैत्र २४ गते 'नेपाल बन्द'को कार्यक्रम थियो। यसबेलासम्म आन्दोलन चरम चुलीमा पुगिसकेकाले त्यसभन्दा अगाडिका कार्यक्रमलाई रोक्ने उद्देश्यले चैत्र २४ गते बिहान श्री ५ बाट देशबासीका नाममा सम्बोधन गरी बक्संदै तत्कालीन मन्त्री परिषदले (मरीचमान श्रेष्ठको) जनताको जन-धनको सुरक्षा गर्न नसकेकाले त्यो मन्त्रीपरिषदलाई विघटन गरी लोकेन्द्र बहादुर चन्दको अध्यक्षतामा मन्त्रीपरिषद गठनगर्न लगाई बक्सियो। उक्त सम्बोधनमा जनताको क्षति सम्वन्धमा जाँचआयोग गठनगर्ने र तत्काल राष्ट्रिय पञ्चायतको अधिवेशन समेत बोलाउनेकुरा उल्लेख गरिएको थियो। यसैगरी त्यसमा विभिन्न बिचारधारा राख्ने व्यक्तिहरूसँग वार्ताचलाउने कुराको पनि उल्लेख थियो।[७१]

तर त्यसपछि आन्दोलन घट्नुको सट्टा झन् उग्र भयो। राजाको घोषणालाई आन्दोलनकारीले कमजोरीको रूपमा लिए। अतः नेपाली कांग्रेस र बाम-मोर्चाले बहुदलीय व्यवस्था स्थापना नभएसम्म आन्दोलन जारी राख्ने कुरा बताए।[७२] फलस्वरूप आन्दोलनकारीहरूले तत्कालीन प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दको चार सदश्यीय मन्त्री मण्डलसँग वार्तागर्न अस्विकार गरे।[७३] राजबन्दीहरूलाई सरकारले रिहा गर्‍यो। तर आन्दोलनकारीहरूले शाही घोषणालाई स्विकारेनन्, बरू त्यको सट्टा "शाही घोषणा धोका हो" भनि नारा लगाए।[७४] नारामा अब राजाको नाम पनि उल्लेख गरीएको थियो।[७५] त्यस दिन, दिनभरि नै शहरमा जताततै जुलुश भइरहृयो। बिहान १० बजेतिर पाटनबाट ज्यादै ठूलो

जुलुश काठमाण्डौतर्फ आयो। प्रहरीले त्यो जुलुशलाई कुपण्डोल र थापाथलीमा रोक्न खोज्यो तर त्यो सम्भव भएन। पाटनबाट आएको जुलुश र काठमाण्डौमा जताततै निस्केको जुलुशले पनि राजपरिवार विरोधी नाराहरू लगाएका थिए भने बागबजारका केही स्थानमा राजपरिवारका फोटोहरू पनि जलाइए।[७६] त्यस दिनको कुनै पनि जुलुशलाई प्रहरीले रोक्न सकेन। तीन बजे तिर कीर्तिपुरबाट एउटा जुलुश काठमाण्डौं आयो र काठमाडौंको जुलुशमा मिसिएर रानी पोखरी, विश्वज्योति सिनेमा हल हुँदै दरबारमार्गबाट अगाडि बढन् चाह्यो तर ठूलो संख्यामा त्यहाँ रहेका प्रहरीले त्यो जुलुशलाई रोक्न खोजे। आन्दोलनकारीले प्रहरीलाई वास्ता नगरी अगाडि बढ्न प्रयास गरेपछि प्रहरीले लाठी चार्ज गर्दै टियर ग्याँस छाडयो तर पछाडिबाट जुलुश सहित उत्तेजित ठूलो भीड लगातार आइरहेको हुनाले जनताले प्रहरी माथि प्रत्याक्रमण गरे। एक जना आन्दोलनकारीले दरवारमार्गमा रहेको महेन्द्रको शालिकमा चढेर शालिकको राजदण्ड आफ्नो हातमा मात्र के लिएको थियो प्रहरीले त्यस व्यक्तिमाथि गोली चलायो। त्यसपछि चारैतिरबाट गोलीको वर्षा शुरू भयो। गोली चलाउन प्रहरीलाई सेनालेपनि साथ दियो। जनताहरू चारैतर्फ दगुर्न थाले।[७७] जनताको भीड शहरमा जहीं तहीं भएको र गोली पनि जहीं तहीं चलेकाले कहाँ के कति घाइते भए वा मारिए भन्ने थाहा हुन तत्काल गाह्रो भयो। त्यसैले त्यस दिन मर्नेहरूको संख्यामा विविधता पाइयो। त्यसै दिन साँझको वि.वि.सी.ले मारिने व्यक्तिहरूको संख्या १०, अल इण्डीया रेडियोले २२ र भ्वाइस अफ अमेरिकाले ५० बताए। तर त्यसबारेमा रेडियो नेपालले कुनै समाचार नै दिएन। बरू साँझदेखि उपत्यकाका दुईवटा शहर काठमाडौं र पाटनका चक्रपथ भित्र पर्ने स्थानमा २४ घण्टाकोलागि कर्फ्यू जारी भएको समाचार दियो। काठमाण्डौमा कर्फ्यू लागेको बेला भक्तपुरमा जुलुश निस्कियो। त्यसैले चैत्र २५ गतेदेखि भक्तपुरमा समेत कर्फ्यू लागू गरी काठमाण्डौको कर्फ्यू समयलाई पूनः २४ घण्टाको लगि थप गरियो।

यसरी सारा उपत्यकामा कर्फ्यू लागेको भए तापनि उपत्यका बाहिर बुटवल र जनकपुरमा २४ र २५ गते पनि आन्दोलन भइरह्यो। देशका विभिन्न स्थानमा प्रहरीको गोलीबाट धेरै जनाले ज्यान गुमाए।[७८] उपत्यकामा कर्फ्यू बाहिरको इलाकामा विभिन्न हल्लाहरू जस्तो कि "दरबार भित्र आन्तरिक कलह छ", "सेनाले राजनीतिमा चाख बढाए", "विभिन्न राजदूतावासले आन्दोलनकारी र दरवार बीच सम्बन्ध गराउन भूमिका खेल्दैछन्" इत्यादि। कर्फ्यू लागेकै बेलामा तत्कालिन मन्त्री परिषदका नेताहरूले विपक्षी राजनीतिज्ञहरू संग सम्पर्क गर्न थाले। यसले गर्दा नेपाली कांग्रेस र बाममोर्चाका बीच वार्ताहुनु आवश्यक भयो, जस अनुरूप नेपाली कांग्रेसका अध्यक्ष कृष्णप्रसाद भट्टराईसंग बाममोर्चाकी अध्यक्ष सहाना प्रधानले भेट गरिनु। त्यसपछि नेपाली कांग्रेस र बाममोर्चा दरवार जाने भए।[७९] नेपाली कांग्रेसबाट कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला र बाममोर्चाबाट सहाना प्रधान र राधाकृष्ण मैनाली चैत्र २६ गते राजासँग वार्ता गर्न दरवार गए। वार्ता सकिएपछि त्यसै राती ११.२० बजे रेडियो नेपाल तथा नेपाल टेलिभिजनले दरवारको सम्वाद सचिवालयको एक विज्ञप्ति प्रसारित गऱ्यो। विज्ञप्तिमा तत्कालीन

सम्विधानबाट "निर्दलियता शब्द झिकी दलमाथिको प्रतिबन्ध हटाइएको कुराको उल्लेख थियो।[८०]

राजासँगको वार्ता सकिएपछि नेपाल टेलिभिजनले वार्ताकारहरूसँगको अन्तरवार्ता प्रसारण गऱ्यो। आफ्नो अन्तरवार्तामा कृष्णप्रसाद भट्टराईले राजाले उदार भइ, जनता प्रति प्रेम राखी बहुदल दिन मानेको हुनाले आन्दोलन स्थगित गरिएको कुरा उल्लेख गरे भने गिरीजाप्रसाद कोइरालाले आन्दोलन स्थगनगर्ने र अब पछि अराजकता फैलाउन खोज्ने तत्वलाई संपूर्ण जनता र पार्टी मिलेर एक्लो पार्नु पर्ने बिचार व्यक्त गरे। यसैगरी सहाना प्रधानले अब स्वतन्त्रताको उपभोग गर्ने, बोल्ने आदि जस्ता मानव अधिकारहरू प्राप्तहुने सम्भावना रहेकाले आन्दोलन स्थगनगर्ने कुरा बताइन् भने राधाकृष्ण मैनालीले बहुदल प्राप्तिको माँगलाई उचित रूपले प्रयोग गर्ने र हाललाई आन्दोलन एकहदसम्म रोकिएको कुरा व्यक्त गरे।[८१]

त्यस राती नेताहरूको अन्तवार्ता हेर्ने र रेडियोबाट खबर सुन्ने उपत्यकाका धेरै जनताहरू तत्काल खुशियाली मनाउन घरबाट बाहिर निस्केका थिए। तर त्यसबेलासम्म पनि कर्फ्यू कायमै भएको हुनाले सैनिकले गोली चलाए। त्यस्तो गोली लागेर त्यस रात पनि केही व्यक्तिले आफ्नो ज्यान गुमाए।[८२] काठमाण्डौं बाहिर धरानमा पनि बहुदल आएको खुसियालीमा जुलुश लगाउनु पर्दछ भन्दै त्यही रात घरबाट निस्केका एक युवक शुशिल कट्टेललाई प्रहरीले गोलीहानी माऱ्यो।[८३]

आन्दोलनकारीले राजासंग वार्ता गरी आन्दोलन रोक्ने कुरा गरे पछि वार्ता (राजा र आन्दोलनकारी बीच भएको) को बारेमा बिभिन्न स्थान र व्यक्तिहरू बीच खूब टीका टिप्पणी हुन थाल्यो। पञ्चायत ढल्नै लागेको बेलामा नेताले वार्ता गरेको र वार्ता पछि आन्दोलन रोक्न आह्वान गरेको कुरा प्रति कडा टिप्पणी गर्दै ने.क.पा. मसालले नेपाली जनताले पञ्चायतलाई मन नपराउने र पञ्चायत ढल्नै लागेको बेला त्रिपक्षीय संझौता भएकाले त्यसलाई "लाटाको पापा" भन्यो।[८४] यस बाहेक व्यक्ति व्यक्तिकाबीच पनि प्रशस्त टिप्पणी भए। कसैले यसलाई राम्रो ठन्यांउदै आवश्यक सम्झौता भने भने कसैले हतारको सम्झौता भने।

त्यसरी सम्झौताको बारेमा विभिन्न टीका-टिप्पणी भए तापनि चैत्र २७ गतेको बिहानै देखि उपत्यकामा लगाइएको कर्फ्यू हटाइयो। उपत्यकाका विभिन्न शहरमा विभिन्न पार्टीका झण्डा बोकेका हजारौं व्यक्तिहरूले नारा लगाउँदै घुमे।[८५] सबै तिरबाट निस्केको जुलुशको लक्ष खुल्ला मञ्च गई नेताहरूको भाषण सुन्नु थियो। करीब २ बजे टुँडीखेलमा ने.का.का मार्सल जुलुम शाक्यको सभापतित्वमा आमसभा भयो। सो आमसभालाई संबोधन गर्ने नेताहरूमा ने.का.का गणेशमान सिंह, हरिबोल भट्टराई, ओमकार श्रेष्ठ, जगन्नाथ आचार्य, बालकृष्ण खाँड (ने.वि.संघ) का साथै बाममोर्चाका मनमोहन अधिकारी, सहाना प्रधान, तुलसीलाल अमात्य, निर्मल लामा, विष्णुबहादुर मानन्धर, कृष्णराज बर्मा, झलनाथ खनाल, पद्मरत्न तुलाधर, श्यामकृष्ण कसजु आदि थिए। प्रायः सबै नेताहरूले दलमाथिको प्रतिवन्ध हटेपछि प्राप्त जनअधिकारलाई राम्ररी सदुपयोग गर्ने, नेपाली जनताले पत्याएका नेपाली

कांग्रेसका र कम्युनिष्टक राजनैतिक व्यक्तित्वहरूलाई समावेश गराई यथाशिघ्र अन्तरिम सरकारको गठन गर्नुपर्ने र पञ्चायतका सम्पूर्ण अङ्ग खारेजगर्नुपर्ने, आन्दोलनको शिलशिलामा शहिदहुने र घाइतेहुनेहरूको सही तथ्याङ्क पत्ता लगाई मृतकका परिवार र घाइतेहरूलाई उचित क्षतिपूर्ति दिनुपर्ने माँग गरे। यसै आमसभामा नेपाली कांग्रेसका गणेशमान सिंहले सबै प्रकारका भ्रमबाट मुक्त रहन आग्रह गर्दै पहिले पहिले पञ्चायतले जनतालाई भ्रमहरू दिने गरेको र त्यसबाट गलतव्यक्तिले फाइदाउठाएको चर्चागर्दै भने कि संसारमा धेरै ठूलाठूला र निरंकुश तानाशाहीले जनतालाई दिनेगरेको यातना र दुःख भन्दा पञ्चायतले धेरै दुःख दिइ सकेकाले तत्काल थोरै मात्र अधिकार पाए पनि त्यसलाई स्विकार्नु परेको हो भन्ने कुरा व्यक्त गरे। कृष्णप्रसाद भट्टराईले पञ्चायतको विघटन गरी आम चुनाव यथाशिघ्र हुनुपर्ने कुरामा जोड दिए। गिरीजा प्रसाद कोइरालाले आफू कमजोर भएमा मात्र अरूले धोका दिन सक्ने, जनताको बलिदान खेर नजाने, र प्रजातन्त्रमा सबैको जीत हुने, आन्दोलन त्यत्तिकैमा नटुङ्गिने र समाजलाई पूर्ण प्रजातान्त्रिक ढंगबाट अगाडि बढाउनुपर्ने कार्य अझै बाँकि रहेको बताए।

ने.क.पा. मार्क्सवादीका नेता मनमोहन अधिकारीले बहुदलप्राप्ति पछि आन्दोलन दोश्रो चरणमा प्रवेशगरेकोले तत्कालै अन्तरिम सरकार बनाउनुपर्ने र सम्विधान निर्माणगर्नुपर्ने कुरा बताए। सहाना प्रधानले तत्कालीन मन्त्रीपरिषदमा केही व्यक्ति थपी बनाएको सरकार जनतालाई मान्य नहुने, जनताको हितहुने सम्विधान जनताले नै बनाउन पाउनुपर्छ भनिन्। यस्तै अन्य नेता मध्ये तुलसीलाल अमात्यले 'कांग्रेस, कम्युनिष्ट, अझै बाझ्नु नहुने', पद्मरत्नले भ्रष्टाचारीलाई कार्यबाही गर्नु पर्ने', निर्मललामाले 'आन्दोलनबाट जनताका ५% माँग मात्र प्राप्त भएकाले अरू बढि अधिकार प्राप्त गर्न पार्टीगत एकता त्याग्नु नहुने', विष्णुबहादुर मानन्धरले आन्दोलनबाट प्राप्त अधिकारबाट नयाँ नेपाल निर्माण गर्न अगाडि बढ्न सकिने', झलनाथ खनालले आन्दोलन नयाँ चरणमा प्रवेश गर्नलागेको कुरा बताए।[८६]

देशका विभिन्न स्थानहरूमा पनि यस दिन यस्तै आमसभाहरू गरिए। सबै ठाउँका आमसभामाबोल्ने वक्ताले अन्तरिम सरकारको गठनगर्ने र फटाहामाथि कार्यवाहीगर्ने माँग राखे। यस दिन देशका विभिन्न जिल्लाका जेलमा रहेका राजनैतिक व्यक्तिहरूको पनि रिहाइ गरियो।

उता तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले आफ्नो सरकारलाई अन्तरिम सरकार भन्दै अनुचितकार्य गर्नेहरूलाई कार्यवाही गर्ने, श्री ५ को सरकारले कसैमाथि बदलाको भावना नराख्ने, धनजनको क्षति बारेमा जाँच आयोगले दिएको प्रतिबेदन अनुसार आवश्यक कारवाही गर्ने, जाँच आयोगबाट सबैलाई न्याय मिल्ने, आन्दोलनका क्रममा मरेका व्यक्तिका परिवारलाई क्षतिपूर्ति दिनेतर्फ बिचार गर्ने, आन्दोलनका क्रममा पक्राउ परेका व्यक्तिहरूलाई मुक्त गर्ने र बहुल राजनीतिक प्रजातन्त्र नै सम्विधानको स्वरूप हो भने।[८७] यस्तै त्यसबेलाको विदेश सम्बन्ध हेर्ने पशुपति संसेरले भारतसँगको मित्रताको आधार नयाँ परिवेश अनुसार तय गरिने कुरा व्यक्त गरे। उता अमेरिका र बेलायतले जस्तै भारतले पनि नेपालको चैत्र २६ गतेको कदमलाई स्वागत योग्य कदम भन्यो।[८८]

चैत्र २८ गते तत्कालीन प्र.मं. लोकेन्द्रबहादुरचन्दले रेडियोनेपाल र नेपाल टेलिभिजनलाई अन्तरवार्तादिंदै राष्ट्रिय समझदारी र सहमति कायम गर्न दोश्रो चरणकोवार्ताहुने र मृतकका परिवारलाई केही राहत दिइने कुरा व्यक्त गरे। साथै त्यस पछि आन्दोलनकारीहरू माथि लागेका मुद्दाहरू खारेजहुने भए।[८९]

चैत्र २९ गते पञ्चायत अन्तर्गत वहुदलप्रति निष्ठावान रहेकाले निलम्बित कार्यकर्ताको निलम्वन फुकुवा गरिएको र पत्रपत्रिकामाथि लगाइएको सेन्सरशिप हटाइयो।[९०]

चैत्र ३० गते पाटन मंगल बजारमा एक आमसभा भयो। आमसभामा बोल्दै ने.का.का कृष्णप्रसाद भट्टराईले हाललाई पार्टी प्रतिवन्ध हटेको र सम्विधानबाट 'दलविहीन' शब्द हटाइएकाले सम्झौता गरिएको तर अझै धेरैमाँग पूराहुन बाँकि रहेका र तीमाँग पूरानभएसम आन्दोलन क्रमिक चरणमा अगाडि बढ्ने कुरा बताए। बाममोर्चाकी सहानाप्रधानले तत्कालिन राजनैतिक व्यवस्था पंचायतमा आधारित भएकाले त्यो मान्यनहुने, तत्कालिन पञ्चायती मंत्रीपरिषदमा आन्दोलनकारीहरू मिसिन नसक्ने कुरा व्यक्तगर्दै ती कुराहरू श्री ५ संगपनि राखिसकेको र ती माँग पूरा नभएमा आन्दोलन पुनः शुरू हुने कुरा बताइन्।[९१]

चैत्र ३१ गते कांग्रेसका र बाम नेताहरूबाट शहीदहरू प्रति श्रद्धाञ्जलि अर्पण गर्दै शहीदहरूको त्याग र बलिदानलाई सँधैं स्मरण गरीरहने कुरा व्यक्तगरिए।[९२]

नववर्ष २०४७ सालको पहिलो दिन गणेशमान सिंह र राजा बीच वार्ता भयो। राजासँग दर्शनभेट पछि अन्तरवार्ता दिंदै सिंहले शाही कदमबाट देशमा समझदारीको अवस्था आएको कुरा बताए। त्यसै दिन जनआन्दोलनका मृतक र घाइतेलाई आर्थिक सहायता (मृतकका परिवारलाई १५,०००।-, अंगमभङ्ग हुनेलाई ५,०००।- र घाइतेलाई २०००।- रूपिया) दिने र सरकारी मुद्दा सम्बन्धि ऐन २०१७ को दफा ९ (क) अनुसारका सम्पूर्ण मुद्धाहरू फिर्ता लिने निर्णय भयो। नेपाली कांग्रेसले त्यसै दिन एक प्रेस वक्तव्य प्रकाशित गरी वहुदलीय नेताहरूबाट मन्त्री मण्डल बनाउने कुरामा श्री ५ सहमत होई बक्सेको कुरा बतायो।[९३]

बैशाख २ गते नेपाल राजकीयप्रज्ञाप्रतिष्ठान भवनमा श्री ५ को सरकार (पशुपति समशेर, अच्यूतराज रेग्मी, श्रीभद्रशर्मा, केशरबहादुर विष्ट, पद्म सुन्दर लावती) र विपक्षीहरू (योग प्रसाद उपाध्याय, दमन ढुङ्गाना, निलाम्बर आचार्य, कृष्णराज बर्मा) बीच वार्ता शुरू भयो। वार्तामा विपक्षीहरूले पञ्चायत तुरून्त भङ्ग गरिनु पर्ने, र राजाबाट अन्तरिम सरकारको तुरून्त घोषणा हुनुपर्ने माँग राखेकाले वार्ता ठोस निर्णयमा पुग्न नसकेपछि श्री ५ को सरकारका प्रतिनिधिहरू वार्तास्थलबाट हिंड्न खोजे तर वार्ता स्थल बाहिर रहेको जनताको विशाल भीडले उनीहरूलाई भाग्न दिएन। श्री ५ को सरकार प्रतिनिधिहरू बिना निर्णय वार्ता छाड्दैछन् भन्ने थाहाँ पाएपछि जनताले पञ्चायतका सबै अंङ्ग खारेज गर्ने, अन्तरिम सरकार तुरून्त बनाउने माँगहरू राख्दै तीव्र रूपले रातभर प्रज्ञा भवनलाई घेरी नाराबाजी र जुलुश प्रदर्शन गरीरहे।

त्यसको भोलिपल्ट बिहान श्री५बाट शाहीघोषणा भयो जसमा राष्ट्रिय पञ्चायत र यस अन्तर्गतका वर्गीय संगठनहरू एवं पञ्चायतनीति तथा जाँचबुझ समिति भङ्ग गरी लोकेन्द्र

बहादुर चन्दले प्र.मं.बाट राजिनामा दिएको कुरा उल्लेख थियो।[९४]

बैशाख ४ गते राजाबाट गणेशमान सिंहलाई दर्शनभेट बक्सी अन्तरिम सरकारको नेतृत्वगर्न हुकुम भयो। तर गणेशमान सिंहले स्वास्थ्यको कारण देखाई आफु प्रधानमन्त्री हुननसक्ने कुरा दर्शाउँदै नेपाली कांग्रेसका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईको नाम पेश गर्नु भयो। उहाँले भट्टराई माथि बाममोर्चाको पनि सदाशयतारहने कुरा राजासँग जाहेर गर्नुभयो।[९५]

बैशाख ६ गते नेपाली कांग्रेसबाट ४ जना, बाममोर्चाबाट ३ जना, स्वतन्त्र २ जना र राजाबाट २ जना गरी जम्मा ११ सदस्यीय मन्त्रीमण्डल गठन भएको र लोकेन्द्रबहादुर चन्दको राजिनामा स्वीकृत गरिएको कुरा राजदरवारको प्रमुख संवाद सचिवालयको विज्ञप्तिमा उल्लेख भयो।[९६]

सो विज्ञप्ति अनुसार मन्त्री परिषदमा निम्न व्यक्तिहरू सम्मिलित थिए:-

१. श्री कृष्णप्रसाद भट्टराई – प्रधानमन्त्री, राजदरवार, रक्षा र परराष्ट्र।
२. श्रीमती सहाना प्रधान – मन्त्री, उद्योग र वाणिज्य
३. श्री केशरजङ्ग रायमाझी – मन्त्री, शिक्षा तथा संस्कृति र सामान्य प्रशासन।
४. श्री अच्यूतराज रेग्मी – मन्त्री, आवास तथा भौतिक योजना।
५. श्री महेन्द्रनारायण निधि – मन्त्री, जलश्रोत तथा स्थानीय विकास।
६. श्री योगप्रसाद उपाध्याय – मन्त्री, गृह र सञ्चार।
७. श्री निलाम्वर आचार्य – मन्त्री, कानून तथा न्याय श्रम तथा सामाजिक कल्याण र पर्यटन।
८. श्री मार्सल जुलुम शाक्य – मन्त्री, आपूर्ति, निर्माण तथा यातायात।
९. श्री झलनाथ खनाल – मन्त्री, कृषि भूमिसुधार तथा व्यवस्था र वन तथा भू-संरक्षण।
१०. श्री देवेन्द्रराज पाण्डे – मन्त्री, अर्थ।
११. श्री मथुराप्रसाद श्रेष्ठ – मन्त्री, स्वास्थ्य।[९७]

**निष्कर्षः**

२०४६ सालको जन आन्दोलनको घटना-विवरण दिएर त्यसबाट पनि केही मात्रामा आन्दोलनका कारण र प्रभावलाई पत्ता लगाउन सहयोगपुग्ने छ भन्ने आशा राखिएको छ। देशको राजनीतिक व्यवस्थाको संरचना र कार्यमा आउने शिथिलता, विकृति र असक्षमतालाई हटाई जनताको बढ्दो चाहनासँग आफुलाई सामञ्जस्य गर्न नसक्दा त्यसप्रति नकारात्मक प्रवृत्ति देखापर्ने गर्दछ। सामाजिक मूल्यहरू (जो शक्तिको प्रयोगबाट असंन्तुष्ट हुन्छन्) र राजनीतिक मूल्यहरू बीच असन्तुलन हुन जान्छ र स्थायित्वलाई प्रभाव पार्दछ। हाम्रो जस्तो बहुजातीय सांस्कृतिक संरचना भएको देशमा शक्तिको पृथक्करणहुनुको साटो त्यसको केन्द्रीकरण (शक्ति प्राप्ति, हस्तान्तरण र प्रयोग) भएमा राज्यशक्तिको आधार बलियो हुन सक्तैन। व्यवस्थाले बैधानिकताको आधारका रूपमा केही

जनसहभागिता प्राप्त गरे तापनि त्यसलाई राजनीतिक संरचनाले सम्पूर्ण रूपमा स्विकार्न नसकेमा राष्ट्रिय सहमतिको वातावरण तयारहुन सक्तैन भन्ने कुरा पञ्चायती प्रयोगले स्पष्ट गऱ्यो। पंचायती शासनमा समाजमा विभिन्न प्रकारका असंतुष्टिहरू बढ्दै गए। त्यस्तो परिस्थितिमा देशभित्र जनआन्दोलन शुरू भयो र अन्तर्राष्ट्रिय वातावरणले पनि आन्दोलनलाई नै सहयोग पुऱ्याएकाले आन्दोलनले आन्तरिक र अन्तर्राष्ट्रिय वैधानिकता प्राप्त गर्न सजिलो पऱ्यो। पञ्चायतको विरोधमा आन्दोलन ५० दिनसम्म चल्यो र देशभित्र विभिन्न घटनाहरू घटे। पञ्चायतले यो आन्दोलन दवाउन सकेन बरू पञ्चायतको लागि यो जन आन्दोलन यस्तो रोग भयो जस्को अन्त्य शरीरको अन्त्य संगै भएर गयो।

**टिप्पणी**

१. गोरखापत्र, फागुन ८, २०४६, पृष्ठ ७।
२. ऋषिकेश शाह, "मोभमेण्ट १९९०" मेडीयानेपाल (अग्रेजी मासिक) अगस्त १९९० पृ १४।
३. न्यूजलेटर (अंग्रेजी बुलेटिन) नेपाल फोन्युम फर प्रोटेक्सन अफ ह्यूम्यान राईट, फेब्रुअरी १९, १९९० पृ २।
४. समाज दैनिक फागुन ९, २०४९ पृ
५. ऐजन
६. पूर्ववत पृ १५
७. विद्यार्थी समाचार (अनेरास्ववियू पाँचौ) प्रकाशन विभाग आन्दोलन बुलेटिन फागुन २२, २०५६
८. 'प्रजातन्त्रका लागि जनताको आन्दोलन जारी छ,' भित्तेपात्रो ने.क.पा.माले २०४७।
९. गोरखापत्र, फागुन ९, २०४६,
१०. ऐजन, फागुन १०, २०५६,
११. संघर्ष, जनसंघर्ष प्रचार कमिटी, प्ररामञ्च अङ्क २ फागुन १५, २०४६
१२. नेपाली आवाज, फागुन १९, २०४६
१३. विद्यार्थी समाचार, पूर्ववत
१४. समाज दैनिक, फागुन २१, २०४६
१५. संघर्ष बुलेटीन, फागुन १९, २०४६
१६. साप्ताहिक विमर्श, फागुन २०, २०४६
१७. समाज दैनिक, फागुन २१, २०४६
१८. संघर्ष बुलेटीन, फागुन २०, २०४६
१९. नेपाली आवाज, फागुन २६, २०४६
२०. संघर्ष बुलेटीन, पूर्ववत

२१. गोरखापत्र, फागुन २३, २०४६, पृ. ३
२२. समाज दैनिक, फागुन २१, २०४६
२३. नेपाली आवाज, फागुन २६, २०४६
२४. समाज दैनिक, फागुन २३, २०४६
२५. साप्ताहिक विमर्श, चैत्र १०, २०४६
२६. संघर्ष बुलेटिन, फागुन २४, २०४६
२७. देशान्तर साप्ताहिक, फागुन १८, २०४६
२८. नेपाली कांग्रेस तथा संयुक्त वाममोर्चाको आव्हानमा गरिने जन आन्दोलन सम्बन्धी कार्यक्रम भन्ने नेपाली कांग्रेसको पर्चा र "चैत्र १ गते नेपाल बन्द पारौं" भन्ने अनेरास्ववियूको पर्चा।
२९. साप्ताहिक विमर्श, फागुन २६, २०४६
३०. ऐजन
३१. संघर्ष बुलेटीन, फागुन २८, २०४६
३२. समाज दैनिक, फागुन २८, २०४६
३३. ऐजन
३४. ऐजन
३५. संघर्ष बुलेटीन, चैत्र १, २०४६
३६. समाजदैनिक, चैत्र १, २०४६
३७. डायरी साप्ताहिक, चैत्र ४, २०४६
३८. समाज दैनिक, चैत्र ४, २०४६.
३९. देशान्तर साप्ताहिक, चैत्र ५, २०४६।
४०. संघर्ष बुलेटीन, चैत्र ६, २०४६
४१. समाज दैनिक, चैत्र ८, २०४६.
४२. ऐजन
४३. त्यो बेलाको प्रत्यक्ष दर्शीको रूपमा यो विवरणकार आफै रहेको।
४४. संघर्ष बुलेटिन, चैत्र ९, २०४६
४५. साप्ताहिक विमर्श, चैत्र १०, २०४६.
४६. समाज दैनिक, चैत्र १०, २०४६.
४७. डायरी साप्ताहिक, चैत्र १२, २०४६.
४८. देशान्तर साप्ताहिक, चैत्र १२, २०४६
४९. संघर्ष बुलेटिन, चैत्र ९, २०४६,
५०. साप्ताहिक नेपाली आवाज, चैत्र १७, २०४६.
५१. सघर्ष बुलेटिन, चैत्र १३, २०४६.

५२. डायरी साप्ताहिक, चैत्र १३, २०४६.
५३. समाज देनिक, चैत्र १४, २०५६.
५४. समिक्षा साप्ताहिक, चैत्र, २०४६.
५५. समाज दैनिक, चैत्र १५, २०४६.
५६. सघर्ष बुलेटिन, चैत्र १६, २०४६.
५७. नेपाली आवाज, चैत्र ३१, २०४६
५८. दृष्टि साप्तहिक, चैत्र २६, २०४६.
५९. साप्ताहिक विमर्श, चैत्र १७, २०४६.
६०. समीक्षा साप्तहिक, चैत्र १७, २०४६.
६१. साप्ताहिक विमर्श, चैत्र १६, २०४६.
६२. संघर्ष बुलेटिन, चैत्र १६, २०४६.
६३. समाज दैनिक, चैत्र १९, २०४६
६४. संघर्ष बुलोटिन, चैत्र १८, २०४६
६५. समाज दैनिक चैत्र २०, २०४६.
६६. ऐजन
६७. युगसम्वाद साप्ताहिक, चैत्र २३, २०४६.
६८. संघर्ष बुलेटिन, चैत्र २०, २०४६.
६९. समाज दैनिक, चैत्र २३, २०४७.
७०. युग सम्वाद साप्ताहिक, चैत्र २३, २०४६.
७१. गोरखापत्र, चैत्र २५, २०४६.
७२. द वासीङ्गटन पोष्ट, (अंग्रेजी दैनिक) अप्रिल ७, (चैत्र १५) १९९०.
७३. गोरखापत्र, चैत्र २५, २०४६.
७४. प्रजातन्त्रको उदय, फ्योरूम फर प्रोटेक्सन अफ राइट, नेपालमा जनक्रान्ती पृ ५७.
७५. इण्डीया छडे, (हिन्दी दैनिक) अप्रिल ३०, १९९०
७६. प्रजातन्त्रको उदय, पूर्ववत पृ ५९
७७. समाज दैनिक, चैत्र २७, २०४६.
७८. ऐजन.
७९. चन्द्र प्रकाश मैनालीसंगको अन्तवार्ता, साप्ताहिक विमर्श, बैशाख १४, २०४७.
८०. शाहा, पूर्ववत पृ. ५९
८१. गोरखापत्र, चैत्र २७, २०४६
८२. प्रजातन्त्रको उदय, पूर्ववत पे. ८४.
८३. समाजदैनिक, चैत्र ३०, २०५६
८४. युग सम्वाद, चैत्र ३०, २०४६.

८५. प्रजातन्त्रको उदय, पूर्ववत पृ ९६। सचित्र.
८६. गोरखापत्र, चैत्र २८, २०४६
८७. ऐजन.
८८. समीक्षा, चैत्र ३१, २०४६
८९. गोरखापत्र, चैत्र २९, २०४६
९०. ऐजन
९१. नेपाली आवाज, चैत्र ३१, २०४६
९२. गोरखापत्र, चैत्र २९,२०४६
९३. ऐजन
९४. ऐजन
९५. साप्ताहिक विमर्श, बैशाख ७, २०४७
९६. गोरखापत्र, बैशाख, ७, २०४७
९७. ऐजन